# अन्तर्राष्ट्रिय तामाङ परिषदको

(पाँचौ अन्तर्राष्ट्रिय तामाङ सम्मेलन (जुन ४ र ५, २०२३ बैंक्क, थाईल्याण्ड) द्वारा संशोधित तेस्रो संशोधन समेत मिलाईएको)

## विधान, २०५९ (२००२)

***प्रथम संशोधनः***- *सन् २०१३ मा काठमाडौं नेपालमा सम्पन्न तेस्रो अन्तराष्ट्रिय तामाङ सम्मेलनबाट,*
***दोस्रो संशोधनः*** *सन् २०१८ मा मिरिक भारतमा सम्पन्न चौथो अन्तर्राष्ट्रिय तामाङ सम्मेलनबाट ।*
***तेस्रो संशोधनः*** *सन् २०१३ मा बैंक्क, थाईल्याण्डमा सम्पन्न पाँचौ अन्तर्राष्ट्रिय तामाङ सम्मेलनबाट ।*

**प्रस्तावनाः**

विश्वका विभिन्न भागमा बसोबस गरिरहेका एउटै भाषा, तामयीग (लिपि) धर्म, सस्कृति अबलम्बन गर्ने तामाङजातिको हक, हित एवं भाषा लिपि, धर्म, संस्कृति आदिको संरक्षण र सम्बर्द्धन तथा सामाजिक एवं आर्थिक सम्मुन्नतिका लागि सामुहिक एवं संगठित रुपमा योगदान दिन पहिलेदेखि नै आ-आफ्नो देशमा संगठन निमार्ण गरी कृयाशील रहदैआएका विश्वका विभिन्न देशका तामाङ संघसंगठनहरूलाई समन्वय गर्दै मैत्री, भातृत्व, सदभाव र सहकार्यको संस्कृतिलाई विकास गर्दै, तामाङ समाजको हक, हित र सम्मुन्नतिका लागि साझा सवालमा नीति निमार्ण गर्ने, नेतृत्व विकास गर्ने तथा तामाङ जातिको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक लगायतका नागरिक तथा मानव अधिकारको प्रत्याभुतिको लागि सकृय रहदै, वातावरण तथा दिगो विकासमासमेत ठोस योगदान पुऱ्याउन, तामाङ समाजमा सशक्तिकरण र जागृती फैलाउन तथा एक अर्काबाट सिक्दै तामाङ समाजको बृहत्तर हितमा प्रभावकारी कार्यान्वयण गर्न **"अन्तर्राष्ट्रिय तामाङ परिषद"** नामक अन्तर्राष्ट्रिय तामाङ संगठनको निमार्ण गर्न वान्छनीय देखिएकोले यो बिधान तर्जुमा गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१.परिषदको नाम र प्रारम्भ :**

*(१)* यस परिषदको नाम तामाङमा **"जाम्बुलिङ खोरलो तामाङ घेदुङ"**, खस नेपालीमा **"अन्तर्राष्ट्रिय तामाङ परिषद"** र अंग्रेजीमा "International Tamang Council" भनिने छ । यसलाई छोटकरीमा ITC पनि भन्न सकिनेछ ।

*(२)* **परिषदको कार्यालयः-** यस परिषदको केन्द्रीय कार्यालय ***तथा सचिवालय*** नेपालको काठमाडौं ***उपत्यका*** मा रहनेछ र आवश्यकता अनुसार विभिन्न देशमा सम्बन्धित देशको संदस्य संगठनहरूले यस परिषदको शाखा/सम्पर्क कार्यालयको रुपमा कार्य गर्न सक्नेछ ।

*(३)* **परिषदको कार्यक्षेत्रः-** यस परिषदको कार्यक्षेत्र परिषदको आवश्यकता एवं उद्देश्य पूर्तीका लागि सम्बन्धित् विश्वका विभिन्न देशमा कार्यक्षेत्र बिस्तार गर्नसक्ने छ ।

*(४)* **प्रारम्भ :-** यो विधान अन्तर्राष्ट्रिय तामाङ परिषदको अन्तराष्ट्रिय तामाङ सम्मेलनबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

*(५)* **परिषदको अस्तित्व :-**

(***क***) परिषद एक अबिच्छिन्न, उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-राजनीतिक, गैर-नाफामूलक, गैर-सरकारी, स्वतन्त्र, समाजसेवी अन्तर्राष्ट्रिय सामाजिक संस्था हुनेछ ।

(***ख***) परिषदले व्यक्ति सरह मुद्दा गर्न, सम्पत्ति आर्जन गर्न, भोग गर्न, वचत गर्न, क्रयः विक्रय गर्न, सहयोग एवं अनुदान लिन र दिनसमेत सक्नेछ ।

## २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) "विधान" भन्नाले **"अन्तर्राष्ट्रिय तामाङ परिषदको विधान-**२०५९ (२००२) (*प्रथम संशोधन, सन् २०१३, **दोस्रो संशोधन, सन् २०१८** र **पाँचौ अन्तर्राष्ट्रिय तामाङ सम्मेलन २०२३ द्वारा संशोधित**)" **समेत***लाई सम्झनु पर्दछ ।

(ख) "परिषद" भन्नाले **"अन्तर्राष्ट्रिय तामाङ परिषद"** लाई सम्झनु पर्दछ ।

(ग) "सम्मेलन" भन्नाले यस बिधान बमोजिम सम्पन्न हुने यस परिषदको "अन्तर्राष्ट्रिय तामाङ सम्मेलन" र सो अवधिअगावै सम्पन्न हुने "बिशेष अन्तर्राष्ट्रिय तामाङ सम्मेलन" समेतलाई जनाउँनेछ ।

(घ) "अन्तर्राष्ट्रिय ***तामाङ*** परिषद" भन्नाले यस "विधानको दफा १३ अन्तर्गत गठित अन्तर्राष्ट्रिय ***तामाङ*** परिषदलाई" जनाउँदछ ।(ङ) "पदाधिकारी" भन्नाले यस परिषदको "कार्यसमितिमा रहेका पदाधिकारी र सदस्यहरु समेतलाई" जनाउँदछ ।

(च) "सदस्य-संगठन" भन्नाले यस विधान अन्तर्गत सदस्यता प्राप्त गरेका कुनैपनि राष्ट्रिय सदस्य, संस्थापक सदस्य, स्थायी सदस्य, सम्बन्धन सदस्य समेतलाई सम्झनु पर्दछ ।

(छ) "अन्तर्राष्ट्रिय तामाङ परिषदको बैठक" भन्नाले यस बिधान बमोजिम प्रत्येक बर्षमा सम्पन्न हुने "अन्तर्राष्ट्रिय तामाङ परिषदको बैठक" र सो अवधि अगावै हुने "बिशेष बैठक" समेतलाई जनाउँनेछ ।

(ज) "सल्लाहकार समिति" भन्नाले यस "विधान अन्तर्गत गठित सल्लाहकार समितिलाई जनाउँदछ ।

(झ) "नियम", "विनियम" र "नियमावली" भन्नाले यस विधान अन्तर्गत बनेको नियम, विनियम र नियमावलीसमेतलाई जनाउँनेछ ।

(ञ) ***"विषयगत समिति" भन्नाले यस "विधानको दफा २२क. अन्तर्गत गठित सम्बन्धित विषयका बिशेषज्ञ/ज्ञाता तथा अनुभवप्राप्त व्यक्तिहरुको प्रतिनिधित्व हुने गरी गठन भएको बिषयगत समितिहरु लाई" जनाउँदछ ।***

(ट) ***"विषयगत समितिको भेला" भन्नाले यस "विधानको दफा २२ग. अन्तर्गत सम्बन्धित विषयका बिशेषज्ञ/ज्ञाता तथा अनुभवप्राप्त व्यक्तिहरुको प्रतिनिधित्व हुने गरी सम्पन्न हुने बिषयगत भेलालाई" जनाउँदछ ।***

(ठ) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले यो विधान र यसको मातहतमा बनेको नियम, उपनियम, नियमावलीहरूमा तोकिए वा तोकिए बमोजिम हुनेछ ।

(ड) "तामाङ" भन्नाले परम्परादेखि हिन्दू वर्णव्यवस्थाको संरचनाभित्र नपर्ने विश्वका कुनैपनि ठाउँमा बसी तामाङ जातिको परम्परा, रीति-थिति, संस्कार-संस्कृति (रिमठिम) पालना गरी तामाङ वंशज भई/आफूलाई तामाङ हुँ भनी स्वीकार गर्ने जातिलाई जनाउँछ ।

(ढ) "कार्यसमिति" भन्नाले यस विधान बमोजिम गठित "परिषदको कार्यसमितिलाई" जनाउँदछ ।

(ण) ***"क्षेत्रिय समन्वय समिति" भन्नाले यस "विधानको अधिनमा रहि गठन हुने क्षेत्रिय समन्वय समितिलाई" जनाउँदछ ।***

***(त) "क्षेत्रिय सम्मेलन" भन्नाले यस "विधानको अधिनमा रहि सम्पन्न हुने क्षेत्रिय सम्मेलनलाई" जनाउँदछ ।***

(थ) "सचिवालय" भन्नाले यस "विधान बमोजिम गठित सचिवालयलाई" जनाउँदछ ।

**३. परिषदको छाप, सांकेतिक  चिन्ह (लोगो) र झण्डा  :**

परिषदको एउटा आफ्नै छाप र सांकेतिक चिन्ह (लोगो) र झण्डा हुनेछ, जसको नमूना अनुसूची-१ बमोजिमको ढाँचामा हुनेछ ।

## परिच्छेद-२

## उद्देश्य

**४. परिषदको उद्देश्य :**

सामाजिक संस्थाको रुपमा कार्य गर्ने गरी यस परिषदको उद्देश्य देहाय बमोजिम रहनेछन् :-

(क) अन्तर्राष्ट्रिय तामाङ परिषद मुनाफारहित, जनहितकारी विश्वभरिका तामाङ जातीलाई एकताको सुत्रमा बाध्ने साझा अन्तर्राष्ट्रिय सामाजिक संस्था हुनेछ ।

(ख) विश्वका विभिन्न देशमा निमार्ण भएका तामाङ संघ संगठनहरूलाई समन्वय गरी संसारभरि छरिएर रहेका तामाङ जातिहरुका बीच मैत्रीत्व, भातृत्व, सदभाव र सहकार्यको संस्कृतिलाई विकास गर्दै, तामाङ समाजको हक हित र समुन्नतिका लागि संगठित गर्ने,

(ग) विभिन्न देशका तामाङ संघसंगठनहरूको संस्थागत विकास साझा सवालमा नीति निमार्ण, नेतृत्व विकास  एवं शसक्तिकरणमा पारस्परिक सहयोग पुऱ्याउने,

(ङ) ऐतिहासिक कालखण्ड देखि निरन्तररुपमा विकास हुँदै पुस्तौ पुस्ता देखि हस्तान्तरण हुँदै आएको तामाङ जातिको सभ्यता, संस्कृति, परम्परा, रितिरिवाज, कला, परम्परागत ज्ञान, शिप तामाङ, भाषा, लिपि (तामयीक), साहित्य, कला, धर्म, संस्कार, संस्कृति, ईतिहास एवं मुल्य मान्यता आदिको संरक्षण प्रवर्द्धन एवं विकास गर्ने ।

(च) तामाङ जातिको पहिचानको मान्यता र सम्मान, शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक आदि जस्ता नागरिक तथा मानव अधिकार, आदिवासी जनजाति अधिकारको प्रत्याभुतिको लागि सकृय रहदै पारस्परिक सहयोगको अभिबृद्धी गर्ने ।

(छ) विश्वका जुनसुकै, जोकोहीमाथि जाति, राष्ट्र, उत्पति, भाषा, धर्म, संस्कृति, बर्ण, लिंग, सम्पत्ति आदिको आधारमा हुने वा गरिने भेदभावको बिरुद्धमा आवाज उठाउने तथा विश्व भातृत्व एवं सहअस्तित्वको सम्मान गर्दै त्यस्को रक्षाको लागि प्रयत्नशील रहने,

(ज) मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक एवं राजनैतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्धहरूले सुनिश्चित गरेका साथै अन्तर्राष्ट्रिय श्रम संगठन ९क्षइ० महासन्धि नं.१६९ र आदिवासीहरूको अधिकारसम्बन्धी राष्ट्रसंघीय घोषणापत्रलगायतका अन्तर्राष्ट्रिय कानूनहरूमा व्यवस्था गरिएको आदिवासी जातिको अधिकार तथा मानव अधिकार  र अन्य नीति तथा कार्यक्रमहरूको  कार्यान्वयण गर्न गराउन प्रयत्नशील रहने,

(झ)समान उद्देश्य भएका विभिन्न देशका जातीय/राष्ट्रिय तथा क्षेत्रीय संघसंगठनहरू र दातृसंस्थाहरूसँग आवश्यक सम्पर्क र सम्बन्धको विकास गरी आपासी भाईचारा सम्बन्ध बढाउने तथा आपासी सहयोग अभिबृद्धि गर्ने गराउने,

(ञ) तामाङ समुदायको शैक्षिक, बौद्धिक, शारिरीक, आर्थिक, सामाजिक, धार्मिक एवं राजनीतिक अभिबृद्धि तथा सर्वाङ्गीण हितका लागि आवश्यक योजना निमार्ण तथा कार्यान्वयन गर्ने, गराउने,

(ट) परिषदको उद्देश्यसंग सम्बन्धीत अन्य आवश्यक काम गर्ने, गराउने ।

**५. परिषदको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरूः**

यस परिषदको दफा ४ वमोजिमको उद्देश्य प्राप्त गर्न देहाय बमोजिमका कार्यहरू गर्नेछ :-

(क) परिषदले आफ्नो प्रशासनिक तथा व्यवस्थापकिय कार्य तथा विभिन्न आयोजनाहरू सुचारु र प्रभावकारी ढंगले सञ्चालन गर्न कार्यलय भवन वा कोठाको व्यवस्था गरी त्यसका लागि चाहिने अन्य सामाग्रीहरू जस्तै कम्प्यूटर, टेलिफोन, फ्याक्स, फर्निचर जस्ता कार्यालय सामाग्रीहरू तथा सवारी साधन तथा अन्य आवश्यक सामाग्री खरीद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ख) परिषद सञ्चालनको लागि चाहिने आवश्यक कर्मचारी, प्राविधिक, सल्लाहकार तथा अन्य जनशक्तिलाई स्थाई वा अस्थाई रुपमा नियुक्त गर्नेछ र त्यसको सेवाको शर्तहरू निर्धारण गर्नेछ ।

(ग) परिषदले आफ्नो उद्देश्य पूरा गर्न चाहिने आर्थिक कोष जम्मा गर्नको लागि स्वदेशी तथा विदेशी दाता व्यक्ति तथा संस्थाको सहयोग लिन सक्ने छ । विदेशी नागरिक वा संस्थाबाट सहयोग लिंदा सम्बन्धित देशको सम्बन्धित् निकायको अनुमतिमा मात्र लिइनेछ ।

(घ) परिषदमा प्राप्त हुन आउने आम्दानी एवं सहयोग रकम परिषदको नाममा वैंक खाता खोली खाता सञ्चालन गर्नेछ ।

## परिच्छेद-३

## सदस्यता

### ६. सदस्यता सम्बन्धी व्यवस्था :

परिषदको देहाय वमोजिम ४ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छ ।

**(१) राष्ट्रिय सदस्य :-** यस विधानको दफा ७ (१) वमोजिम योग्यता पुगेको कुनै पनि तामाङ जाति र समाजको हक हितका लागि स्थापित राष्ट्रियस्तरको सामाजिक संस्थाले यस बिधानको दफा १०(१) बमोजिमका प्रकृया पुरागरी परिषदको सदस्यता प्राप्त गर्ने संस्था यस परिषदको राष्ट्रिय सदस्य हुनेछन् । तर, कुनै पनि देशको एक भन्दा बढी संस्थाले परिषदको राष्ट्रिय सदस्यता प्राप्त गर्न सक्ने छैनन् ।

**(२) संस्थापक सदस्यः** परिषदले आयोजना गरेको पहिलो अन्तराष्ट्रिय तामाङ सम्मेलनमा एक देश एक संस्थाको प्रतिनिधित्वको आधारमा सम्बन्धित देशहरुबाट प्रतिनिधित्व गरी भाग लिने राष्ट्रियस्तरको तामाङ जातिको सामाजिक संस्थाहरु परिषदको संस्थापक सदस्य मानिनेछन् ।

**(३) स्थायी सदस्य :-**

(क) हाललाई परिषदको नेपाल, भारत, भुटान र बर्माका साधारण/संस्थापक सदस्य संस्थाहरु यस परिषदको स्थायी सदस्य हुनेछन् ।

(ख) उपदफा ३ को खण्ड (क) बाहेक यस विधानको दफ ७(२) बमोजिम योग्यता पुगेका साधरण/संस्थापक सदस्य संस्थाहरुले दफा १०(३) बमोजिमको प्रकृया पुरागरी परिषद समक्ष आवेदन गरेमा परिषदको कार्यसमितिले त्यस्तो संस्थालाई परिषदको स्थायी सदस्यता प्रदान गर्न सक्नेछ । त्यसरी प्रदान गरेको सदस्यता तत्काल पछि बस्ने परिषदको बैठकले अनुमोदन गर्नु पर्नेछ ।

तर, कुनै पनि देशको एक भन्दा बढी संस्थाले परिषदको स्थायी सदस्यता प्राप्त गर्न सक्ने छैनन् ।

(ग) परिषदको राष्ट्रिय र संस्थापक सदस्यहरुले परिषदको स्थायी सदस्यता लिन सक्नेछन ।

**(४) सम्बन्धन सदस्य :-** यस विधानको दफा ७(३) वमोजिम योग्यता पुगेको कुनै पनि तामाङ जाति र समाजको हक हितका लागि स्थापित कुनै पनि राष्ट्रियस्तरमा कायरत विषयगत सामाजिक संस्थाले यस संस्थाको सम्बन्धित देशको सदस्य संस्थाको सिफरिसमा यस बिधानको दफा १०(१) बमोजिमका

प्रकृया पुरागरी परिषद समक्ष आवेदन गरी परिषदको सम्बन्धन सदस्यता प्राप्त गर्ने संस्था यस परिषदको सम्बन्धन सदस्य हुनेछन् ।

(५) परिषदको सदस्यता लिन चाहाने संघ संगठनहरूले सदस्यता प्राप्तिका लागि परिषदको सचिवालय समक्ष तोकिएको व्यहोरा खुलाई निवेदन दिनु पर्नेछ । सदस्यता त्याग गर्न चाहाने सदस्य संगठनहरूले पनि सोही व्यहोरा उल्लेख गरी परिषदको सचिवालय समक्ष निवेदन दिनुपर्ने छ ।

(६) उपदफा (५) बमोजिम परेको निवेदन उपर तोकिए बमोजिमको प्रकृया पुरागरी परिषदमा निवेदन पेश भएको मितिले ३ (तीन) महिना भित्रमा परिषदको कार्यसमितिले आवश्यक निर्णय दिनेछ र सो को जानकारी सचिवालयले सम्बन्धित् संघ संगठनलाई निर्णय भएको मितिले ३० दिन भित्रमा गराउने छ ।

**७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :**

यस परिषदको देहाय बमोजिमका सदस्यताको लागि देहाय बमजिमका योग्यता पुगेको हुनु पर्नेछ :-

**(१) राष्ट्रिय सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :-**

(क) तामाङ जाति र समाजको हकहितका लागि स्थापित राष्ट्रियस्तरको सामाजिक संस्था हुनुपर्नेछ ।

तर, कुनै पनि देशको एक संस्था परिषदको राष्ट्रिय/स्थायी सदस्यता कायम नै रहेको अवस्थामा त्यस्तो देशको अर्को संस्थाले परिषदको राष्ट्रिय सदस्यता प्राप्त गर्न सक्ने छैन ।

(ख) परिषदको उद्देश्य पालन गरी अन्तराष्ट्रिय क्षेत्रमा तामाङ जातिको हक हितको लागि कार्य गर्न र परिषदको निर्देशनको पूर्णरुपले पालना गर्न इच्छुक राष्ट्रियस्तरको सामाजिक संस्था हुनुपर्नेछ ।

(ग) परिषदले तोके बमोजिमको शुल्क र दायित्व एकमुष्ट वा नियमित रुपमा परिषदलाई बुझाएको हुनु पर्नेछ ।

(घ) सम्बन्धित देशमा आदिवासी जनजाति महासंघ रहेको अवस्थामा त्यस्तो महासंघको घटक संगठन हुनु पर्नेछ ।

**(२) स्थायी सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :-**

(क) कुनै पनि देशको स्थाई नागरिक भई न्यूनतम तीन पुस्ता (एक पुस्ताको २५ बर्षका दरले ७५ बर्ष) भन्दा पहिला देखि त्यस्तो देशमा स्थाई बसोबस गर्ने तामाङ जाती रहेको देशको यस परिषदको राष्ट्रिय/संस्थापक सदस्य संस्था ।

(ख) परिषदले तोके बमोजिमको शुल्क र दायित्व एकमुष्ट वा नियमित रुपमा परिषदलाई बुझाएको परिषदको राष्ट्रिय /संस्थापक सदस्य संस्था ।

**(३) सम्बन्धन सदस्यताको लागि आवश्यक योग्यता :-**

(क) तामाङ जाति र समाजको हकहितका लागि स्थापित कुनै पनि राष्ट्रियस्तरमा कायरत विषयगत सामाजिक संस्था हुनु पर्नेछ ।

(ख) प्रवाशमा रहेका तामाङ जाति र समाजको हकहितका लागि कृयाशिल संस्थाको हकमा त्यस्तो देशमा प्रवाशी जीवन विताई रहेका तामाङ समुदायको हक हितका लागि स्थापित कुनै पनि सामाजिक संस्था हुनु पर्नेछ ।

(ग) परिषदको सम्बन्धन सदस्यताको लागि परिषदको सम्बन्धित देशको राष्ट्रिय/स्थायी सदस्य संस्थाले सिफरिस गरेको संस्था हुनु पर्नेछ ।

तर, कुनै पनि देश विशेषको नाम र त्यस्तो देशको मात्र तामाङहरुलाई समेटी स्थापित भएको वा परिषदको राष्ट्रिय/स्थायी सदस्य संस्थाको सम्बन्धन प्राप्त गरेको प्रवाशी तामाङहरुको संस्थाको हकमा त्यस्तो देश विशेषको परिषदको राष्ट्रिय/स्थायी सदस्य संस्थाले परिषदको सम्बन्धन

सदस्यताको लागि सिफरिस गरेको संस्थालाई पनि परिषदको सम्बन्धन सदस्यता प्रदान गर्न सक्नेछ ।

(घ) परिषदले तोके बमोजिमको शुल्क र दायित्व एकमुष्ट वा नियमित रुपमा परिषदलाई बुझाएको संस्था ।

**८. सदस्यता प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था :**

देहायको अवस्थामा कुनै पनि संस्था/संगठन यस परिषदको सदस्यता प्राप्त गर्न र वाहाल रहन सक्ने छैन :

**(१) राष्ट्रिय सदस्यता वहाल रहन नसक्ने अवस्था :**

(क) तामाङ जाति र समाजको हक हितका लागि स्थापित राष्ट्रियस्तरको सामाजिक संस्था नरहेको, नभएको अवस्थामा,

(ख) परिषदको उद्देश्य प्रतिकूल आचरण गरेमा,

(ग) परिषदको नियम उलंघन गरी अयोग्य ठहराइएमा,

(घ) परिषदको उद्देश्य एवं प्रतिष्ठामा आँच आउने गरी परिषदको विधान विरुद्ध प्रत्यक्षरुपमा संलग्न भएमा ।

(ङ) परिषदले तोके बमोजिमको सदस्यता शुल्क र दायित्व नियमित रुपमा परिषदलाई नबुझाएमा ।

**(२) सम्बन्धन सदस्यता वहाल रहन नसक्ने अवस्था :**

(क) तामाङ जाति र समाजको हकहितका लागि स्थापित कुनै पनि राष्ट्रियस्तरमा र्कायरत विषयगत सामाजिक संस्था नरहेको, नभएको अवस्थामा,

(ख) प्रवाशमा रहेका तामाङ जाति र समाजको हकहितका लागि कृयाशिल संस्थाको हकमा त्यस्तो देशमा प्रवाशी जीवन विताई रहेका तामाङ समुदायलाई हक हितका लागि स्थापित सामाजिक संस्था नरहेको, नभएको अवस्थामा,

(ग) परिषदको उद्देश्य प्रतिकूल आचरण गरेमा,

(घ) परिषदको नियम उलंघन गरी अयोग्य ठहराइएमा,

(ङ) परिषदको उद्देश्य एवं प्रतिष्ठामा आँच आउने गरी परिषदको विधान विरुद्ध प्रत्यक्षरुपमा संलग्न भएमा ।

(च) परिषदको सम्बन्धन सदस्यताको लागि सिफारिस गर्ने परिषदको साधारण/स्थायी सदस्य संस्थाले त्यस्तो संस्थालाई सम्बन्धन सदस्यताबाट हटाउनको लागि परिषद समक्ष सिफारिस गरेकोमा परिषदको कार्यसमितिले आवश्यक जाँचबुझ गर्दा सदस्यताबाट हटाउन उपयुक्त ठहराएमा ।

(छ) परिषदले तोके बमोजिमको सदस्यता शुल्क र दायित्व नियमित रुपमा परिषदलाई नबुझाएमा ।

**९. सदस्यताको समाप्तिः-**

(१) देहायको अवस्थामा यस परिषदको सदस्यता समाप्त हुनेछ :

(क) यस विधानको दफा ८ बमोजिम सदस्यता वहाल रहन नसक्ने भई सदस्यताको लागि अयोग्य भएमा,

(ख) संस्था विघटन वा खारेजि भएमा,

(ग) परिषदको विधान, मुल्य, मान्यता, नीति एवं कार्यक्रमका विपरित हुनेगरी कुनै कामकार्वाही गरेमा,

(घ) सदस्य संस्थाले पेश गरेको सदस्यता परित्यागको निवेदन सम्बन्धन सदस्यको हकमा परिषदको

कार्यसमितिले, राष्ट्रिय र स्थायी सदस्यको हकमा परिषदको कार्यसमितिबाट स्वीकृत भई अन्तर्राष्ट्रिय परिषदको बैठकबाट अनुमोदन भएमा,

(ङ) परिषदको अन्तराष्ट्रिय परिषदको बैठकमा सदस्यताबाट हटाउन भनी परिषदको कार्यसमितिले गरेको निर्णय अनुमोदनको लागि राखेको प्रस्ताव बैठकको बहुमतबाट पारित भएमा,

(च) परिषदको सम्बन्धन सदस्यताको हकमा त्यस्तो संस्थालाई सम्बन्धन सदस्यताको लागि सिफारिस गर्ने सम्बन्धित् राष्ट्रिया/स्थायी सदस्य संस्थाले त्यस्तो संस्थालाई सम्बन्धन सदस्यताबाट हटाउनको लागि परिषदलाई गरेको प्रस्ताव परिषदको कार्यसमितिले स्वीकृत गरेमा,

(छ) यस विधान बमोजिम तोकिएको सदस्ता शुल्क नियमित रुपमा दुई बर्षसम्म नबुझाएमा,

(ज) परिषद आफै बिघटन भै खारेज भएमा ।

(२) परिषदको सदस्यता समाप्त गरी परिषदको सदस्यताबाट हटाउन पूर्व परिषदले सम्बन्धित सदस्य संस्थालाई सो कुराको सूचना दिई सदस्यता बहाल रहनुपर्ने पर्याप्त आधार र कारण पेश गर्ने सुनुवाईको मौका प्रदान गर्नेछ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि** :

यस विधानको दफा ६ वमोजिमको सदस्यता देहाय वमोजिमको उपदफाहरुमा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**(१) राष्ट्रिय सदस्यता :-**

(क) परिषदको राष्ट्रिय सदस्यता प्राप्त गर्न चाहने दफा ७(१) बामोजिम योग्यता पुगेको संस्थाले प्रवेश शुल्क बापत ने.रु.२,०००/- र बार्षिक शुल्क बापत नेपाल र भारतका हकमा ने.रु.१५,०००।-, भुटान र बर्माका हकमा ने.रु.५०००/- र अन्य मुलुकहरूका हकमा प्रवेश शुल्क अमेरिकन डलर ५० र बार्षिक सदस्यता शुल्क बापत अमेरिकन डलर २०० बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्ने संस्थालाई अन्तर्राष्ट्रिय तामाङ परिषदको कार्यसमितिको बैठकको दुई तिहाई बहुमतको निर्णयबाट परिषदको राष्ट्रिय सदस्यता प्रदान गर्न सक्नेछ ।

तर, यसरी प्रदान गरेको राष्ट्रिय सदस्यताको निर्णय भएको लगतै बस्ने परिषदको अन्तराष्ट्रिय परिषदको बैठकबाट त्यस्तो सदस्यता अनुमोदन गर्नु पर्नेछ । अनुमोदन हुन नसकेको त्यस्तो सदस्यता स्वतः समाप्त हुनेछ ।

(ख) परिषदका राष्ट्रिय सदस्यले वार्षिक नविकरण शुल्क बापत नेपाल र भारतका हकमा ने.रु.१५,०००।-, भुटान र बर्माका हकमा ने.रु.५०००/- र अन्य मुलुकहरूका हकमा अमेरिकन डलर २००।- बुझाउनु पर्नेछ ।

**(२) सम्बन्धन सदस्यता :-**

(क) परिषदको सम्बन्धन सदस्यता प्राप्त गर्न चाहने दफा ७(३) बामोजिम योग्यता पुगेको कुनैपनि संस्थाले

प्रवेश शुल्क बापत ने.रु.१०००/- र बार्षिक शुल्क बापत नेपाल र भारतका हकमा ने.रु.५,०००।-, भुटान र बर्माका हकमा ने.रु.२०००/- र अन्य मुलुकहरूका हकमा प्रवेश शुल्क अमेरिकन डलर २५ र बार्षिक सदस्यता शुल्क बापत अमेरिकन डलर १०० बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्ने संस्थालाई अन्तर्राष्ट्रिय तामाङ परिषदको कार्यसमितिको बैठकको बहुमतको निर्णयबाट परिषदको सम्बन्धन सदस्यता प्रदान गर्न सक्नेछ ।

तर, यसरी प्रदान गरेको सम्बन्धन सदस्यताको निर्णय भएको लगतै बस्ने परिषदको अन्तराष्ट्रिय परिषदको बैठकबाट त्यस्तो सदस्यता अनुमोदन गर्नु पर्नेछ । अनुमोदन हुन नसकेको त्यस्तो सदस्यता स्वतः समाप्त हुनेछ ।

(ख) परिषदका सम्बन्धन सदस्यले वार्षिक नविकरण शुल्क बापत नेपाल र भारतका हकमा ने.रु.५,०००।-, भुटान र बर्माका हकमा ने.रु.२०००/- र अन्य मुलुकहरूका हकमा अमेरिकन डलर १००।- बुझाउनु पर्नेछ ।

(३) **सदस्यता नविकरण:** परिषदको सदस्य संगठनहरूले प्रत्येक बर्षको ल्होछार अगावै वार्षिक सदस्यता शुल्क बुझाई सदस्यता नविकरण गराई सक्नु पर्नेछ र त्यस पछिको हकमा पहिलो बर्षको अन्तिम सम्म १०%, दोस्रो बर्ष २०%, तेस्रो बर्ष बर्ष ३०% र चौथो बर्ष ४०% थप बिलम्ब दस्तुर बुझई सदस्यता नवीकरण गर्न सक्नेछ ।

## परिच्छेद-४

## अन्तर्राष्ट्रिय तामाङ सम्मेलन र परिषदको गठन एवं बैठक सम्बन्धी व्यवस्था

### ११. अन्तर्राष्ट्रिय तामाङ सम्मेलनको गठन :

**(१) अन्तर्राष्ट्रिय तामाङ सम्मेलन**

(क) परिषदको बिधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने सदस्य संस्थाहरूको प्रतिनिधिहरू ***समेत देहायका आयोजक र प्रतिनिधिहरु*** रहेको "अन्तर्राष्ट्रिय तामाङ सम्मेलन"को गठन हुनेछ । "अन्तर्राष्ट्रिय तामाङ सम्मेलन" परिषदको सर्बोच्च अंग हुने छ ।

***(ख)*** परिषदको "अन्तर्राष्ट्रिय तामाङ सम्मेलन" प्रत्येक ***३ (तीन)*** वर्षमा एक पटक सम्पन्न हुनेछ । सम्मेलनले दफा ११ र १२ मा उल्लेख गरे वमोजिमका कार्यहरूका अतिरिक्त परिषदको नयाँ कार्यसमितिको निर्वाचन र आवश्यकता अनुसार परिषदको विधानको संशोधन समेत गर्नेछ ।

***(ग)*** सम्मेलनमा कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू ***(पदेन समेत),*** परिषदका सदस्यहरू, सल्लाहकार सदस्यहरु, ***पुर्व अध्यक्षहरु,*** राष्ट्रिय/स्थायी सदस्य संगठनहरुबाट प्रत्येक देशको प्रतिनिधित्व गर्दै ***अध्यक्ष सहित*** न्यूनतम ५ (पाँच) जना (महिला-१, सम्बन्धन ***भए***-१ सहित) का दरले प्रतिनिधिहरु, ***सम्बन्धन सदस्य संगठनहरुबाट प्रत्येक देशको प्रतिनिधित्व गर्दै अध्यक्ष सहित न्यूनतम ३ (तीन) जना (महिला-१ सहित) का दरले प्रतिनिधिहरु*** र ***सदस्य संगठनको सांगठनिक अवस्था समेतलाई सम्मान हुने गरी कार्यसमितिले तोके बमोजिमका संख्यामा*** पर्यवेक्षकहरुले भाग लिनेछन् ।

तर निर्वाचन प्रक्रियामा ***एक सदस्य संगठन एक मतको आधिकार प्रयोग गर्न पाउनेछन् । यस्तो मतदान प्रकृयामा सामन्यतया अध्यक्षले प्रतिनिधित्व गरेको अवस्थामा स्वयं अध्यक्षले र अध्यक्षले प्रतिनिधित्व नगरेको अवस्थामा सम्बन्धित*** राष्ट्रिय***/सम्बन्धन*** सदस्य संस्थाले तोकेको एक जना प्रतिनिधिले मात्र ***मतदान प्रकृयामा*** भाग लिन र ***संगठनले अनुमति दिएको प्रतिनिधिले मात्र निर्वाचनमा*** उम्मेदवारी दिन पाउने छन् ।

(२) **विशेष अन्तर्राष्ट्रिय तामाङ सम्मेलन:-** विशेष परिस्थितिमा परिषदको कूल राष्ट्रिय सदस्य संख्याको कम्तीमा १/४ (एक चौथाई) राष्ट्रिय/स्थायी सदस्यहरूले कारण जनाई विशेष अन्तर्राष्ट्रिय तामाङ सम्मेलनको लिखित रुपमा माग गरेमा वा परिषदको कार्यसमितिको निर्णयले "विशेष अन्तर्राष्ट्रिय तामाङ सम्मेलन" बोलाउनु पर्नेछ ।

तर "अन्तर्राष्ट्रिय तामाङ सम्मेलन",वा "विशेष अन्तर्राष्ट्रिय तामाङ सम्मेलन" सम्पन्न भएको मितिले १ बर्ष भित्रमा पुनः "विशेष अन्तर्राष्ट्रिय तामाङ सम्मेलन" बस्न सक्ने छैन ।

(३) यस परिषदको “अन्तर्राष्ट्रिय तामाङ सम्मेलन” ल्होछारको तिन महिना अगावै वा तिन महिना पछाडि भित्रको अवधिमा सम्पन्न गरिने छ ।

(४) यस परिषदको “अन्तर्राष्ट्रिय तामाङ सम्मेलन” सम्पन्न गर्नको लागि कम्तिमा २ महिना अगावै र “बिशेष अन्तर्राष्ट्रिय तामाङ सम्मेलन” सम्पन्न गर्नको लागि कम्तिमा १ महिना अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने बिषय खोली सबै सदस्य संस्थाहरूलाई अनिबार्य रुपले लखिति रुपमा सूचना दिनुपर्ने छ । ईमेल, ईन्टरनेटको माध्यमबाट सम्बन्धित संस्थाको आधिकारिक ठेगानामा सेण्ड भएको सूचनालाई पनि लिखित सूचना मानिनेछ ।

(५) “अन्तर्राष्ट्रिय तामाङ सम्मेलन”, “बिशेष अन्तर्राष्ट्रिय तामाङ सम्मेलन” को छुट्टा छुट्टै निर्णय पुस्तिकामा अभिलेख गरी राखिने छ ।

**१२. अन्तर्राष्ट्रिय तामाङ सम्मेलनको काम, कर्तव्य र अधिकार :**

अन्तर्राष्ट्रिय तामाङ सम्मेलनको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छन् ।

(१) अन्तर्राष्ट्रिय तामाङ सम्मेलन संचालन गर्न अध्यक्ष मण्डल र निर्वाचन ***मण्डल*** गठनको अनुमोदन गर्ने ।

(२) परिषदको कार्यसमिति, ***विषयगत समितिहरु*** र अन्तराष्ट्रिय तामाङ परिषदले सम्पादन गरेको कामको मुल्याङ्कन गर्ने, साँगठानिक, आर्थिक लगायतका प्रतिवेदनहरु पारित गर्ने ।

(३) परिषदको आगामि सम्मेलनसम्मको लागि कार्यसमितिले पेश गरेको कार्य योजना, नीति तथा कार्यक्रमहरू र बजेट माथि छलफल गरी अनुमोदन गर्ने ।

(४) परिषदको कार्यसमितिको पदावधि समाप्त भएको अवस्थामा कार्यसमितिको निर्वाचन गर्ने ।

(५) परिषदले प्रस्तुत गरेको नियम, उपनियम, बिनियम र नियमावलीहरू माथि छलफल गरी स्वीकृत गर्ने ।

(६) सम्मेलनको दुई तिहाई बहुमतबाट परिषदको बिधान संशोधन गर्न सकिनेछ ।

(७) कार्यसमिति ***र विषयगत समितिहरु*** बाट परिषदको हित अनुकूल भए गरेका कामकार्वाहीहरू माथि विचार विमर्श गरी औचित्य हेरी पुनरावलोकन र अनुमोदन गर्ने ।

(८) परिषदको अन्य आवश्यक काम कारबाहीहरूको पुनरावलोकन र अनुमोदन गर्ने ।

*(९) परिषदलाई अन्य आवश्यक निर्देशन दिने ।*

**१३. अन्तर्राष्ट्रिय *तामाङ* परिषदको गठन :**

(१) ***यस*** बिधानको दफा १० अनुसार सदस्यता प्राप्त गर्ने ***स्थायी/***राष्ट्रिय/ ***सम्बन्धन*** सदस्य (एक देश एक तामाङ संगठन)को आधारमा प्रत्येक देशको राष्ट्रिय सदस्य संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु रहने गरी “अन्तर्राष्ट्रिय परिषद”को गठन हुनेछ । “अन्तर्राष्ट्रिय परिषद” अन्तर्राष्ट्रिय तामाङ सम्मेलन पछिको सबैभन्दा माथिल्लो निकाय हुनेछ । परिषदको गठन देहाय बमोजिम हुनेछ :

(क) ***परिषदको राष्ट्रिय/स्थायी/सम्बन्धन सदस्य संगठनहरुको अध्यक्ष र संगठनले तोकेको अन्य एक जना प्रतिनिधि समेत प्रत्येक सदस्य संगठनका दुई जना प्रतिनिधिहरु परिषदका सदस्य हुनेछन् ।***

(ख) परिषदको कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु, ***सल्लाहकारहरु र परिषदका पुर्व अध्यक्षहरु परिषदका सदस्य हुनेछन्*** ।

(ग) परिषदका सबै ***राष्ट्रिय/स्थायी/सम्बन्धन*** सदस्यहरूलाई ***मात्र*** एक देश एक मतका आधारमा मतदान गर्ने अधिकार हुनेछ । तर, ***सम्बन्धन सदस्य संगठनलाई सम्बन्धनसँग सम्बन्धित विषयमा मात्र मतदान गर्ने अधिकार हुनेछ ।*** मतदान गर्ने अधिकार ***अध्यक्षले प्रतिनिधित्व गरेको अवस्थामा स्वयं अध्यक्षले र अध्यक्षले प्रतिनिधित्व नगरेको अवस्थामा सम्बन्धित राष्ट्रिय/सम्बन्धन*** सदस्य

***संस्था***ले तोकेको ***एक जना*** प्रतिनिधिलाई हुनेछ । ***परिषदका अन्य सदस्यहरुले मतदानको अधिकार प्रयोग गर्न पाईने छैन ।***

(घ) परिषदको अध्यक्षकोरुपमा कार्यसमितिको अध्यक्षले र सदस्य–सचिवका रुपमा कार्यसमितिका महासचिवले कार्य गर्नेछन् ।

(ङ) परिषदको बैठक सामान्यतया: वर्षको एक पटक बस्नेछ ।

**१४. *अन्तर्राष्ट्रिय तामाङ* परिषदको काम कर्तव्य र अधिकार :**

परिषदको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) परिषदको अन्तराष्ट्रिय तामाङ सम्मेलन नबसेको अवस्थामा सम्मेलन प्रति उत्तरदायी रही परिषदको सर्बोच्च अंगको रुपमा कार्य गर्ने ।

(२) कार्यसमितिले पेश गरेको वार्षिक योजना, कार्यक्रमहरू र बजेट माथि छलफल गरी अनुमोदन गर्ने ।

(३) ***यस*** बिधान बमोजिमको व्यवस्था पालना गरी सम्मेलनले गरेको निर्णय र निर्देशनहरूलाई कार्यन्वयन गर्नको लागि कार्यसमिति ***र विषयगत समितिहरु***लाई आवश्यक निर्देशन दिने ।

(४) परिषदको कार्यसम्पादन गर्न कार्ययोजना बनाउने, श्रोत जुटाउने, कार्यसमिति ***र विषयगत समितिहरु***लाई कार्यन्वयन गर्न सहयोग पुर्‍याउने र कार्यसमिति ***र विषयगत समितिहरु***को कार्यको सुपरिवेक्षण र अनुगमन र मुल्याङ्कन गर्ने ।

~~(५), (६),~~

(७) कार्यसमितिले पेश गरेको वार्षिक प्रतिवेदन र आय, व्यय उपर छलफल गरी अनुमोदन गर्ने ।

~~(८)~~

(९) परिषदको सदस्यता सम्बन्धी कार्य समितिले गरेको निर्णयलाई अनुमोदन गर्ने ।

(१०) विधान तथा परिषदको लक्ष्य एवं उद्देश्यको विपरीत परिषदलाई आँच आउने कुनैपनि कार्य गर्ने कुनै पनि सदस्य संगठन, ***परिषदका सदस्यहरु, कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु र विषयगत समितिका पदाधिकारी तथा सदस्यहरु*** उपर कार्यसमितिले गरेको कारबाहीलाई अनुमोदन गर्ने ।

**१५. अन्तर्राष्ट्रिय *तामाङ* परिषदको बैठक :**

(१) परिषदको बैठक सामान्यतया वार्षिकरुपमा कम्तिमा एक पटक र विशेष अवस्थामा आवश्यकता अनुसार एक भन्दा बढि पटक बस्नेछ ।

तर, परिषदको ***२५ (पच्चिस)*** प्रतिशत ***राष्ट्रिय*** सदस्य ***संगठन***हरूले बैठक बोलाउन माग गरेमा ***एक महिना भित्रमा*** परिषदको बैठक बोलाउनु पर्नेछ ।

(२) परिषदको बैठक अध्यक्ष***सँग परामर्श गरी*** महासचिवले बोलाउनेछ ।

(३) परिषदको कूल सदस्य संख्याको ५१% (प्रतिशत) सदस्यहरू उपस्थित नभई परिषदको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छैन । तर पहिलो पटक गणपूरक संख्या नपुगी दोश्रो पटक बैठक बस्नु परेमा एक चौथाई सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषदको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा ***महासचिव*** ले र निजको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित ***परिषदका सदस्यहरु*** मध्येबाट जेष्ठ ***सदस्य***ले बैठकको अध्यक्षता गर्नेछ ।

(५) सामन्यतय परिषदको बैठकमा निर्णयहरू सर्बसम्मतिको आधारमा गरिने छ ।

तर सर्बसम्मतिको आधारमा निर्णय हुन नसकेमा बहुमतको आधारमा निर्णय गर्नेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्ने छ ।

(६) परिषदको बैठकमा छलफल भएका बिषयहरूको छुट्टै निर्णय किताबमा लेखि राखिने छ । र सो निर्णय बिवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले सहि गर्नुपर्नेछ । तर निर्णयमा असहमती जनाउँनेहरूले कैफियत खोली सही गर्नुपर्नेछ ।

(७) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि परिषदले गर्न पाउने कुनै कार्यको

सम्बन्धमा परिषदका सम्पूर्ण पदाधिकारीहरू लिखितरुपमा सहमत भएमा त्यस्ता सहमतिलाई पुस्तिकामा संलग्न राखी त्यस्तो कार्य बैठक बिना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको समितिलाई परिषदको बैठकको निर्णय सरह मानिने छ ।

**१६. गणपुरक संख्या :-**

(१) कुल सदस्य संख्याको ५१ प्रतिशत राष्ट्रिय सदस्यहरूको प्रतिनिधित्व हुनेगरी राष्ट्रिय सदस्य संगठनको प्रतिनिधिहरू उपस्थित नभई सम्मेलन र परिषद बैठकको काम कारवाही हुने छैन ।

तर, विशेष परिस्थितिका कारण राष्ट्रिय सदस्य संगठनको सम्मेलन/बैठकमा प्रतिनिधिको भौतिक रुपमा उपस्थिति हुन नसकेको अवस्थामा त्यस्तो राष्ट्रिय सदस्य संगठनले कुनै पनि सञ्चार माध्यमबाट दिने लिखित सहमतिलाई पनि सम्मेलन/बैठकमा उपस्थित भए सो सरह मानिनेछ ।

(२) गणपुरक संख्या नपुगि पुनः बोलाइएको सम्मेलन/बैठकमा कुल सदस्य संख्याको २५ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सम्मेलन/बैठक गर्न बाधा पर्ने छैन ।

**१७. *कार्यसमिति सचिवालय र सल्लाहकार समिति*को गठन :**

**(१) कार्य समिति**

(क) अन्तराष्ट्रिय तामाङ सम्मेलनले परिषदको कार्यकारी अंगकोरुपमा देहाय बमोजिम पदाधिकारीहरू रहने गरी ***१६*** सदस्यीय एक कार्यसमितिको गठन गर्नेछ । जस्मा :

१) अध्यक्ष - १ (सम्मेलन आयोजक सदस्य ***संस्था***को ***अध्यक्ष*** ) ***पदेन अध्यक्ष ।***

~~२), ३)~~

४) महा-सचिव -१ राष्ट्रिय सदस्य संस्थाको उम्मेदवार हुन ***सिफारिस प्राप्त*** प्रतिनिधिहरु मध्येबाट ***निर्वाचित ।***

***५) उप-महासचिव-१ सम्मेलनमा राष्ट्रिय/स्थायी/सम्बन्धन सदस्य संगठनको प्रतिनिधि/आयोजक भई सम्बन्धित् सदस्य संगठनले परिषदको उपमहासचिव पदमा उम्मेदवार हुन सिफारिस प्राप्त प्रतिनिधिहरु मध्येबाट निर्वाचित ।***

***५.१***) सचिव - ३ (खुल्ला- १, सम्बन्धन्-१, र महिला-१)

खुल्ला-१ को हकमा राष्ट्रिय सदस्य संस्थाको उम्मेदवार हुन/मतदान गर्न अधिकार प्राप्त प्रतिनिधिहरु मध्येबाट, सम्बन्धन-१ को हकमा सम्बन्धन सदस्यहरुको तर्फबाट सम्मेलनमा प्रतिनिधित्व गरी उम्मेदवार हुन/मतदान गर्ने अधिकार प्राप्त प्रतिनिधिहरु मध्येबाट, महिला-१ को हकमा राष्ट्रिय/सम्बन्धन सदस्य संस्थाको उम्मेदवार हुन/मतदान गर्न अधिकार प्राप्त प्रतिनिधिहरु मध्येबाट ***निर्वाचित ।***

~~६)~~

७) कोषाध्यक्ष - १ राष्ट्रिय सदस्य संस्थाको उम्मेदवार हुन/मतदान गर्न अधिकार प्राप्त प्रतिनिधिहरु मध्येबाट ***निर्वाचित ।***

~~८), ९)~~

१०) ***सदस्यहरु-९ (विषयगत समितिका संयोजकहरु कार्यसमितिका पदेन सदस्य हुनेछन् ) ।***

***(क) विषयगत समितिहरु देहाय बमोजिम हुनेछन् ।***

***(१) सांस्कृतिक पुनःउत्थान समिति,***

***(२) भाषा, लिपि तथा शिक्षा प्रवर्द्धन समिति,***

***(३) प्रवासी तामाङ समन्वय, सुरक्षा तथा संरक्षण समिति,***

***(४) वातावरण तथा स्वःविकास परिचालन समिति,***

***(५) तामाङ कला, संस्कृति, साहित्य, इतिहास लेखन समिति,***

***(६) अध्ययन, अनुसन्धान तथा क्षमता अभिवृद्धी समिति,***

***(७) तामाङ मानवअधिकार प्रबद्धन समिति ।***

***(८) अन्तराष्ट्रिय उच्चस्तरीय तामाङ पञ्चाङ्ग समिति***

***(९) तामाङ विकास कोष निमार्ण समिति*** ।

(११) कार्यसमितिको पदाधिकारी तथा सदस्यहरूको कार्यकाल ***३ (तीन)*** बर्षको हुनेछ ।

**(२) सचिवालय**

(क) कार्यसमितिले परिषदको दैनिक कामकार्वाहीलाई सुचारु र चुस्त बनाई परिषदको दैनिक कार्यसंचालन गर्ने कार्यकारी अंगकोरुपमा कार्यसमिति मध्येबाट देहाय बमोजिम पदाधिकारीहरू र सदस्यहरु रहने गरी ***५ (पाँच)*** सदस्यीय एक सचिवालयको गठन गर्नेछ । जस्मा :

(१) अध्यक्ष - पदेन अध्यक्ष

~~(२), (३)~~

(४) महासचिव -१ सदस्य सचिव,

***(५.१) उप-महासचिव-१ पदेन सदस्य,***

(५) सचिव मध्येबाट-१ पदेन सदस्य,

(६) कोषाध्यक्ष - १ पदेन सदस्य

~~(७), (८)~~

***(९) सदस्यहरु मध्येबाट-२ (विषयगत समितिका संयोजकहरु मध्येबाट प्रत्येक ६ महिनाको अवधिमा परिवर्तन हुने गरी चक्रिय प्रणलिको आधारमा । यसरी चक्रिय प्रणाली शुरु गर्दा पहिलोपटक गोला प्रथाबाट क्रम निर्धारण गरिने छ) पदेन सदस्य ।***

(ख) सचिवालयको पदाधिकारीहरूको कार्यकाल कार्यसमितिको कार्यकालसम्म हुनेछ ।

***(३)*** **सल्लाहकार समिति :**

(क) परिषद र सचिवालयलाई सल्लाह सुझाव, मार्ग निर्देशन गर्न सल्लाहाकार समिति गठन गर्नेछ । जस्माः

१) निवर्तमान अध्यक्ष - प्रमुख सल्लाहकार,

२) ***पुर्व*** अध्यक्ष***हरु*** - पदेन ***सल्लाहकार*** सदस्य,

३) कार्यसमितिले मनोनित गरेको सल्लाहकार सदस्यहरु - सदस्य ।

(ख) कुनै कारणबस परिषदमा असमान्य परिस्थिति सृजना भई परिषदको विधान बमोजिम कार्यगर्न कार्यसमिति र अन्तर्राष्ट्रिय परिषद असक्षम भएमा सल्लाहकार समितिले परिषदको अभिभावकिय भुमिका निभाउने छ ।

## १८. कार्यसमितिको पदाधिकारी को लागि आवश्यक योग्यता :

(१) परिषदको कार्यसमितिको पदाधिकारीहरूको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्ने छ ।

**(क) अध्यक्ष :**

१) सम्मेलनको प्रतिनिधि भई "अन्तर्राष्ट्रिय तामाङ सम्मेलन" को आतिथ्य (आयोजना) गर्ने सदस्य संगठनको अध्यक्ष ।

~~२)~~, ~~३)~~

**ग) महासचिव**

१) सम्मेलनमा राष्ट्रिय/स्थायी सदस्यको प्रतिनिधि/ ***आयोजक*** भई राष्ट्रिय सदस्य संगठनले ***परिषदको*** महासचिव पदमा **उम्मेदवार हुन** सिफारिस ***प्राप्त*** गरेको व्यक्ती ।

२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनको परिचालन वा संस्थागत विकास सम्बन्धी ज्ञान र अनुभव भएको व्यक्ती ।

***(घ) उप-महासचिव***

***१) सम्मेलनमा राष्ट्रिय/स्थायी/सम्बन्धन सदस्य संगठनहरुको प्रतिनिधि/आयोजक भई सम्बन्धित् सदस्य संगठनले परिषदको उपमहासचिव पदमा उम्मेदवार हुन सिफारिस गरेको व्यक्ती ।***

***(ङ)*** **सचिव**

परिषदको कार्यसमितिको सचिवमा उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

१) खुल्ला सचिव-१ को हकमासम्मेलनमा राष्ट्रिय/स्थायी सदस्यको प्रतिनिधि भई राष्ट्रिय सदस्य संगठनको अध्यक्ष वा संगठनले सचिव पदमा उम्मेदवार हुन सिफारिस गरेको व्यक्ती ।,

२) सम्बन्धन सचिव-१ को हकमा सम्बन्धन सदस्यको तर्फबाट सम्मेलनमा प्रतिनिधित्व गरी सम्बन्धित् सम्बन्धन सदस्य संगठनको अध्यक्ष वा संगठनले सचिव पदमा उम्मेदवार हुन सिफारिस गरेको व्यक्ती ।,

३) महिला सचिव-१ को हकमा राष्ट्रिय/स्थायी/सम्बन्धन सदस्यको तर्फबाट सम्मेलनमा प्रतिनिधित्व गरी निज प्रतिनिधित्व गर्ने सम्बन्धित् सम्बन्धन सदस्य संगठनको अध्यक्ष वा संगठनले सचिव पदमा उम्मेदवार हुन सिफारिस गरेको व्यक्ती ।

४) सम्पर्क सचिवको हकमा सम्मेलन आयोजक सदस्य संस्थाको सिफारिसमा अध्यक्षले मनोनित गरेको व्यक्ति ।

**(*च*) कोषाध्यक्ष**

१) सम्मेलनमा राष्ट्रिय/स्थायी सदस्यको प्रतिनिधि भई राष्ट्रिय सदस्य संगठनको अध्यक्ष वा संगठनले कोषाध्यक्ष पदमा उम्मेदवार हुन सिफारिस गरेको व्यक्ती ।

२) लेखा तथा कोष व्यवस्थापनको बारेमा ज्ञान र अनुभव भएको व्यक्ति ।

***(छ) सदस्यहरु-(पदेन)***

***१) सम्बन्धित विषयगत समितिका संयोजकको रुपमा निर्वाचित व्यक्ति ।***

## १९. कार्यसमितिको काम, कर्तव्य र अधिकार :

कार्यसमितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) परिषदको उद्देश्य अनुरुप आगामी बर्षको वार्षिक योजना, कार्यक्रम तथा आगामी बजेट बनाई अन्तराष्ट्रिय तामाङ सम्मेलन र अन्तराष्ट्रिय तामाङ परिषदको बैठक मा प्रस्तुत गर्ने ।

(२) परिषदको बिधान बमोजिमको व्यवस्था पालना गरी अन्तराष्ट्रिय तामाङ सम्मेलन र अन्तराष्ट्रिय तामाङ परिषदको बैठकको निर्णय र निर्देशनहरुलाई कार्यान्वयन गर्ने गराउने ।

(३) परिषदको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ।

(४) अन्तराष्ट्रिय तामाङ सम्मेलन र अन्तराष्ट्रिय तामाङ परिषदको बैठक प्रति उत्तरदायी रहने ।

(५) परिषदको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन स्रोतको अधिकतम उपयोग र प्रयोग गर्ने ।

(६) परिषदको कार्य सम्पादन गर्न कार्य योजना बनाउँने, श्रोत जुटाउने, कार्यन्वयन, सुपरिबेक्षण र अनुगमन गर्ने ।

(७) परिषदको कोष र सम्पत्ती सुरक्षित तरीकाले राख्ने र बैक खाता खोली संचालन गर्ने ।

(८) परिषदलाई आवश्यक कर्मचारी, कन्सल्टेन्ट तथा सल्लाहकारहरु नियुक्त गरी तिनको सेवा शर्त तथा सुविधा सम्बन्धमा उपयुक्त नीति, नियम र नियमावलिहरु बनाई अन्तराष्ट्रिय तामाङ परिषदको बैठकबाट स्वीकृत गराई लागु गर्ने ।

(९) परिषदको उद्देश्य परिपूर्ति गर्न ***यस विधानको अधिनमा रहि*** ***बिषयगत समितिहरु*** आवश्यकता अनुसारका उप-समिति***हरु*** र सल्लाहकार समितिहरु गठन गर्ने र आवश्यकता अनुसारको कार्य बाँड फाँड गरी दिने ।

(१०) वार्षिक प्रतिवेदन र आय, व्यय अन्तराष्ट्रिय तामाङ सम्मेलन र अन्तराष्ट्रिय तामाङ परिषदको बैठक मा पेश गर्ने ।

(११) संस्थाको सदस्यता सम्बन्धी निर्णय गर्ने ।

(१२) परिषदको विधान, नीति, निर्देशिका, नियमहरु, निर्देशन तथा परिषदको लक्ष्य एवं उद्देश्यको विपरीत परिषदलाई आँच आउने कुनैपनि कार्य गर्ने कुनै पनि सदस्य संगठन, ***परिषदका सदस्यहरु, कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु र विषयगत समितिका पदाधिकारी तथा सदस्यहरु*** उपर ***आवश्यक*** कारबाही गर्ने ।

(१३) कार्यसमितिको पदावधि समाप्त नहुँदै कुनै पदाधिकारी एवं सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि यस विधानको अधिनमा रहि सम्बन्धित सदस्य संस्थाको सिफारिसमा बाँकी कार्यकालको लागि मनोनित गर्ने ।

(१४) परिषदको नेतृत्वदायी भूमिका निर्बाह गर्ने ।

(१५) अन्तर्राष्ट्रिय तामाङ सम्मेलन र अन्तराष्ट्रिय तामाङ परिषदको बैठक बोलाउने ।

***(१६) परिषदका विषयगत समितिहरुको काम कारबाहीमा सहयोग पुऱ्याउने, अनुगमन एवं निरिषण गर्ने र आवश्यक निर्देशन दिने ।***

***(१७) परिषदको निर्णय, नीति निर्देशनको पालना विषयगत समितिहरु र सदस्य संगठनहरुले गरे नगरेको सम्बधमा अनुगमन एवं निरिषण गर्ने र कार्यन्वयन गर्न गराउन आवश्यक निर्देशन दिने ।***

***(१८) परिषदको सदस्य संगठनहरुको अवस्थाको बारेमा जानकारी लिने, सदस्य संगठनहरुको संस्थागत विकास र सुदृढीकरणका लागि र सम्बन्धित देशमा रहेका तामाङ समुदायको हक हित र विकासका लागि आवश्यक सहयोग पुऱ्याउने र सहयोग पुऱ्याउन अन्य सदस्य संगठनहरुलाई सुझाव तथा निर्देशन दिने ।***

(१९) *परिषदका निर्णयहरु सम्बन्धित बिषयगत समिति मार्फत कार्यन्वयन गर्न गराउन विषयगत समितिहरुलाई सकृय तुल्याउने, कार्यन्वयन गर्न गराउन आवश्यक सहयोग, सुझाव तथा निर्देशन दिने।*

(२०) *परिषदका उदेश्य प्राप्त गर्न यस विधानको अधिनमा रहि अन्य आवश्यक कार्य गर्ने, गराउने।*

**२०. सचिवालयको काम कर्तव्य र अधिकार :**

परिषदको सचिवालयको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) परिषदको केन्द्रीय कार्यालय/सचिवालय सञ्चालन गर्ने,

(२) सम्मेलन, परिषद, ***विषयगत समिति*** र कार्यसमितिले गरेको निर्णयहरुलाई कार्यन्वयन गर्ने गराउने,

(३) कार्यसमिति, ***बिषयगत समिति,*** सदस्य संगठन, क्षेत्रिय समन्वय समिति, परिषद र सम्मेलनकाबीच पुलको काम गर्ने,

(४) अन्तर्राष्ट्रिय तामाङ सम्मेलन र अन्तर्राष्ट्रिय तामाङ परिषदको बैठक कार्यसमितिको बैठक बोलाउने,

(५) कार्यसमितिको बैठकमा आवश्यक एजेण्डाहरू प्रस्तुत गर्ने ।

(६) परिषदको कामकारबाहीको बारेमा कार्यसमितिका पदाधिकारीहरु, ***बिषयगत समितिहरु,*** परिषदको सदस्य संगठनहरू, क्षेत्रिय समन्वय समितिहरुलाई बेला बेलामा सुचना प्रवाह गर्ने ।

(७) अन्तराष्ट्रिय तामाङ सम्मेलन र अन्तर्राष्ट्रिय तामाङ परिषदको बैठक कार्यसमितिको बैठकले तोके बमोजिमको अन्य कार्यहरू गर्ने ।

(८) *परिषदको दैनिक कार्यालय र दैनिक कार्य संचालन गर्ने।*

*२० क. कार्यसमिति र सचिवालयकोको बैठक :*

(१) *परिषदको कार्यसमितिको बैठक सामान्यतया वार्षिकरुपमा न्यूनतम २ (दुई) पटक र सचिवालयको बैठक न्यूनतम बर्षको ४ (चार) पटक बस्नेछ। तर, विशेष अवस्थामा भने आवश्यकता अनुसार सो भन्दा बढि पटक पनि बस्न सकिनेछ।*

(२) *कार्यसमिति र सचिवालयको बैठक अध्यक्षसँगको पामर्शमा महासचिवले बोलाउनेछ । तर कार्यसमिति/सचिवालयको २५ (पच्चिस) प्रतिशत सदस्य तथा पदाधिकारीले बैठक बोलाउन माग गरेमा महासचिवले कार्यसमिति/सचिवालयको बैठक तुरुन्त बोलाउनु पर्नेछ।*

(३) *कार्यसमिति/सचिवालयको कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छैन। तर पहिलो पटक गणपूरक संख्या नपुगी दोश्रो पटक बैठक बस्नु परेमा एक तिहाई सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।*

*तर, विशेष परिस्थितिका कारण कार्यसमिति/सचिवालयको कुनै पदाधिकारी वा सस्य बैठकमा भौतिकरुपमा उपस्थिति हुन नसकेको अवस्थामा भिडियो कन्फ्रेन्स, स्काईप, भाईबर, भिडियो कल आदि जस्ता सञ्चार माध्यमहरुबाट पनि बैठकमा उपस्थित हुन सक्नेछ। त्यसरी उपस्थित भई बैठमा सहभागिता भएको अवस्थामा पनि निज उक्त बैठकमा भौतिकरुपमा उपस्थित भए सरह मानिनेछ। तर, बैठकमा उपस्थित कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको भौतिकरुपमा उपस्थित नभएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छैन। सञ्चार माध्यमबाट बैठकमा उपस्थित जनाएको हकमा बैठकको निर्णय पुस्तिकामा सोही व्यहोरा उल्लेख गरी अभिलेख राख्नु पर्नेछ।*

(४) *समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा महासचिवले र निजको पनि अनुपस्थितिमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।*

(५) कार्यसमिति/सचिवालयको बैठकमा बहुमतको निर्णय मान्य हुने छ । तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्ने छ ।

(६) कार्यसमिति/सचिवालयको बैठकमा छलफल भएका बिषयहरुको छुट्टै निर्णय किताबमा अभिलेख राखिने छ र निर्णय पुस्तिकामा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले हस्ताक्षर गर्नुपर्नेछ । तर, निर्णयमा असहमती जनाउँनेहरुले कैफियत खोली हस्ताक्षर गर्न सक्नेछ ।

२० ख. विषयगत समिति :-

(१) परिषदको काम कारवाहीलाई चुस्त दुरुस्त र प्रभावकारी रुपमा संचालन गर्न देहाय बमोजिमको सम्बन्धित विषयका बिशेषज्ञ/ज्ञाता तथा अनुभवप्राप्त व्यक्तिहरुको सदस्य संगठनहरुबाट प्रतिनिधित्व हुने गरी देहाय बमोजिमका बिषयगत समितिहरु गठन गर्नेछ । जस्मा:

(क) तामाङ सांस्कृतिक पुनःउत्थान समिति,

(ख) तामाङ भाषा, लिपि तथा शिक्षा प्रवर्द्धन समिति,

(ग) प्रवासी तामाङ समन्वय, सुरक्षा तथा संरक्षण समिति,

(घ) वातावरण तथा तामाङ स्वःविकास परिचालन समिति,

(ङ) तामाङ  कला, संस्कृति, साहित्य, इतिहास लेखन समिति,

(च) अध्ययन, अनुसन्धान तथा क्षमता अभिवृद्धी समिति,

(छ) तामाङ मानवअधिकार प्रवद्धन समिति,

(ज) अन्तराष्ट्रिय उच्चस्तरीय तामाङ  पञ्चाङ्ग समिति,

(झ) तामाङ विकास कोष निमार्ण समिति ।

(२) उपदफा-१ बमोजिम गठन हुने बिषयगत समितिहरुमा सम्बन्धित विषयका बिशेषज्ञ/ज्ञाता तथा अनुभवप्राप्त व्यक्तिहरुको प्रतिनिधित्व हुने गरी परिषदका राष्टिय/सम्बन्धन सदस्य संगठनहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जनाका दरले उपस्थित प्रतिनिधिहरु र परिषदको सचिवालयबाट मनोनित ३ (तीन) जना बिशेषज्ञ/ज्ञाता प्रतिनिधिहरुको भेलाबाट विषयगत समिति गठन हुनेछन् ।

(३) विषयगत समितिमा देहाय बमोजिमका पदाधिकारी र सदस्यहरु हुनेछन ।

(क) संयोजक -१ (विषयगत भेलामा भागलिने राष्ट्रीय/स्थायी सदस्य संस्थाको प्रतिनिधिहरु मध्येबाट निर्वाचित-१ ) ।

(ख) सदस्य -३ (भेलामा भागलिने सम्बन्धन सदस्य संगठनको प्रतिनिधिहरु मध्येबाट निर्वाचित-१, सम्बन्धन सदस्य संगठनको प्रतिनिधिहरु मध्येबाट निर्वाचित-१ र भेलामा भागलिने महिला प्रतिनिधिहरु मध्येबाट निर्वाचित-१ ) ।

(४) विषयगत समितिको पदावधि ३ (तीन) बर्षको हुनेछ ।

२० ग. विषयगत समितिको काम कर्तव्य र अधिकार :

विषयगत समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(१) परिषदका सदस्य संगठनहरुका बीच समन्वय गरी परिषदको उद्देश्य अनुरुप आफ्नो विषयगत क्षेत्रमा महत्वपूर्ण योगदान पु¥याउनका लागि आवश्यक नीति निमार्ण गर्ने, योजना बनाउने, अनुसन्धान गर्ने, विभिन्न कार्यक्रमहरुको आयोजना गर्ने गराउने लगायतका विषयगत क्षेत्र सम्बन्धि आवश्यक सम्पूर्ण कार्य गर्ने गराउने ।

(२) विषयगत क्षेत्र भित्रको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन लागि परिषदका सदस्य संगठनहरुका बीच समन्वय गरी पारस्परिक सहयोग आदन प्रदान गर्ने, गराउने ।

(३) आफ्नो विषयगत क्षेत्रमा अन्तराष्ट्रिय तामाङ सम्मेलन, अन्तराष्ट्रिय तामाङ परिषदको बैठक र कार्यसमितिको निर्णय र निर्देशनहरुलाई सदस्य संस्थाहरुमा कार्यन्वयन गर्ने गराउने, अनुगमन गर्ने, सोको समिक्षा गर्ने गराउने र सो को आवधिक प्रतिवेदन अन्तराष्ट्रिय तामाङ सम्मेलन, अन्तराष्ट्रिय तामाङ परिषदको बैठक र कार्यसमितिको बैठक र समितिको भेलामा पेश गर्ने ।

(४) आफ्नो विषयगत क्षेत्रका कार्यक्रमहरु सदस्य संगठनहरुलाई समन्वय गरी संचालन गर्ने ।

(५) अन्तराष्ट्रिय तामाङ सम्मेलन, अन्तराष्ट्रिय तामाङ परिषदको बैठक र कार्यसमिति प्रति उत्तरदायी रहने ।

(६) आफ्नो विषयगत क्षेत्रमा कार्य सम्पादन गर्ने कार्य योजना बनाउँने, श्रोत जुटाउने, कार्यन्वयन, सुपरिबेक्षण र अनुगमन गर्ने, गराउने ।

(७) आफ्नो विषयगत क्षेत्रमा कार्य गर्न आवश्यकता अनुसार उप-समिति, सल्लाहकार समितिहरु गठन, विज्ञको नियुक्ती गर्ने र आवश्यकता अनुसारको कार्य बाँड फाँड गर्ने गराउने ।

(८) आफ्नो विषयगत क्षेत्रमा समिति र सदस्य संगठनहरुले सम्पादन गरेको कार्यहरुको बार्षिक तथा आवधिक समिक्षा सहितको प्रतिवेदन अन्तराष्ट्रिय तामाङ सम्मेलन, परिषद, कार्यसमितिको बैठक मा पेश गर्ने ।

(९) आफ्नो विषयगत क्षेत्रमा परिषदको तर्फबाट प्रतिनिधित्व गरी नेतृत्वदायी भूमिका निर्बाह गर्ने ।

(१०) आफ्नो विषयगत क्षेत्रमा अन्तर्राष्ट्रिय तामाङ भेला तथा बैठक बोलाउने ।

(११) अन्तर्राष्ट्रिय तामाङ परिषद, कार्यसमिति र सचिवालयप्रति उत्तरदायी हुने ।

२० घ. विषयगत समितिको भेला तथा बैठक :

(१) विषयगत समितिको भेला सामान्यतया वार्षिकरुपमा न्यूनतम १ (एक) पटक र विषयगत समितिको बैठक न्यूनतम बर्षको ४ (चार) पटक बस्नेछ । तर, विशेष अवस्थामा भने आवश्यकता अनुसार सो भन्दा बढि पटक पनि बस्न सकिनेछ ।

(२) विषयगत समितिको बैठक समितिका संयोजकले बोलाउनेछ ।

(३) परिषदको कुल सदस्यसंख्याको ५१ प्रतिशत सदस्य संगठनहरुको प्रतिनिधिहरुको उपस्थित नभई भेलाको र समितिको ५१ प्रतिशत सदस्यहरुको उपस्थित नभई समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छैन । तर पहिलो पटक गणपूरक संख्या नपुगी दोश्रो पटक बैठक बस्नु परेमा एक तिहाई सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

तर, विशेष परिस्थितिका कारण भेला तथा समितिको कुनै पदाधिकारी वा सदस्य बैठकमा भौतिकरुपमा उपस्थिति हुन नसकेको अवस्थामा भिडियो कन्फ्रेन्स, स्काईप, भाईबर, भिडियो कल आदि जस्ता सञ्चार माध्यमहरुबाट पनि भेला/बैठकमा उपस्थित हुन सक्नेछ । त्यसरी उपस्थित भई भेला/बैठकमा सहभागिता भएको अवस्थामा पनि निज उक्त भेला/बैठकमा भौतिकरुपमा उपस्थित भए सरह मानिनेछ । तर, भेला/बैठकमा उपस्थित कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको भौतिकरुपमा उपस्थित नभएमा भेला/बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छैन । सञ्चार माध्यमबाट भेला/बैठकमा उपस्थित जनाएको हकमा भेला/बैठकको निर्णय पुस्तिकामा सोही व्यहोरा उल्लेख गरी अभिलेख राख्नु पर्नेछ ।

(४) विषयष्त समितिको भेला तथा भेला/बैठकमा सम्बन्धित विषयगत समितिको संयोजकले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) विषयगत समितिको बैठकमा बहुमतको निर्णय मान्य हुने छ । तर मत बराबर भएमा संयोजकले निर्णायक मत दिन सक्ने छ ।

*(६) विषयगत समितिको बैठकमा छलफल भएका बिषयहरुको छुट्टै निर्णय किताबमा अभिलेख राखिने छ र निर्णय पुस्तिकामा भेला/बैठकमा उपस्थित सम्पूर्ण प्रतिनिधि/सदस्यहरुले हस्ताक्षर गर्नुपर्नेछ । तर, निर्णयमा असहमती जनाउँनेहरुले कैफियत खोली हस्ताक्षर गर्न सक्नेछ ।*

**२१. राष्ट्रिय/स्थायी/*सम्बन्धन* सदस्य संगठनहरूको काम कर्तव्य र अधिकार :**

*राष्ट्रिय/स्थायी/सम्बन्धन सदस्य संगठनहरूको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।*

(१) राष्ट्रिय/स्थायी/***सम्बन्धन*** सदस्य संगठनहरूलाई प्रत्येक अन्तर्राष्ट्रिय ***तामाङ*** सम्मेलन, परिषदको बैठक ***र विषयगत समितिको भेला***हरूमा भाग लिने, बिचार व्यक्त गर्ने, उम्मेदवार हुने र मतदान गर्ने ***निर्वाचित हुने*** अधिकार हुनेछ ।

(२) परिषदमा तोके बमोजिमको प्रतिनिधि पठाउने तथा परिषदलाई क्रियाशील गराउन अन्तर्राष्ट्रिय परिषदले तोके बमोजिम र अन्य आवस्यक भूमिका निर्वाह गर्ने ।

(३) परिषदको विधान, नीति, निर्देशिका, कार्ययोजना अन्तर्गत रही आफ्नो देशमा रहेको सम्पूर्ण तामाङ समाजलाई एकता गर्दै तामाङ समाजको हित अनुकूल काम गर्ने, गराउने ।

(४) परिषदले संचालन गरेको विभिन्न रचनात्मक गतिविधिहरूमा सहभागी हुने तथा तोके बमोजिमको दायित्व र सहयोग गर्ने ।

(५) अन्तराष्ट्रिय तामाङ सम्मेलन, अन्तर्राष्ट्रिय तामाङ परिषदको बैठक ***र विषयगत समितिको भेला तथा बैठक,*** कार्यसमिति ***तथा सचिवालय***को बैठकले तोके बमोजिमको कार्य आफ्नो देश/कार्यक्षेत्रमा सम्पादन गर्ने ***गराउने ।***

(६) परिषदले जारी गरेको तामाङ संस्कार संस्कृती सम्बन्धी निर्देशिका लगायतका निर्देशिकाहरु, परिषदको योजना र कार्यक्रम, ***विषयगत समितिको भेला तथा बैठकको निर्णय तथा योजना तथा कार्यक्रमहरु,*** कार्यसमितिको निर्देशनहरु आदीलाई आफ्नो देशमा ईमान्दारीपूर्वक प्रभावकारीरुपमा कार्यन्वयण गर्ने ***गराउने ।***

(७) परिषदले आफ्नो देशमा संचालन गरेको कार्यक्रमहरु र आफ्नो सिफरिसमा परिषदको सम्बन्धन सदस्यता प्राप्त गर्ने सम्बन्धन सदस्य संस्थाहरुले गरेको काम कारबाहीको अनुगमन तथा मुल्यांकन गरी सोको प्रतिवेदन परिषदको ***कार्यसमिति,*** सचिवालय ***र सम्बन्धित विषयगत समिति*** समक्ष पठाउने ।

(८) आफ्नो देशमा तामाङ समाजको हक, हित, विकास, सम्बद्धीको लागि गरेको असल कृयाकलापहरु, आफुले भोलेको समस्या र चुनौतिहरु, आगामि कार्यक्रमहरु, भावि योजनाहरु, अन्तराष्ट्रिय तामाङ समुदायकाबीच भएको पारस्परिक सहयोगका क्षेत्रहरु, ***विषयगत समितिको बिषयगत क्षेत्रसँग सम्बन्धित बिषयहरु*** आदीलाई समेटी प्रत्येक बर्षको बार्षिक प्रतिवेदन तयार पारी अन्तर्राष्ट्रिय तामाङ परिषदको बैठक बस्नु भन्दा एक महिना अगावै परिषदको सचिवालयमा पुग्ने गरी र ***सम्बन्धित विषयगत समितिसँग सम्बन्धित विषयमा सम्बन्धित विषयगत समितिको भेला वा बैठक बस्नु भन्दा पन्ध्रदिन अगावै*** आवधिक प्रतिवेदन पेश गर्ने ।

(९) अन्तराष्ट्रिय तामाङ सम्मेलन, अन्तर्राष्ट्रिय तामाङ परिषद, ***सम्बन्धित विषयगत समितिहरु***को ***भेला तथा*** बैठक कार्यसमितिको बैठक र सचिवालयले तोके बमोजिमको अन्य आवश्यक कार्यहरू गर्ने ।

**२२. क्षेत्रीय *सम्मेलन र क्षेत्रिय* समन्वय समितिः-**

***(क) क्षेत्रीय तामाङ सम्मेलनः***

(१) परिषदको प्रतिनिधित्व गर्ने गरी क्षेत्रिय स्तरमा प्रभावकारीरुपमा काम कारबाही संचालन गर्न ***परिषदको***

***सम्बन्धित प्रदेशमा रहेको स्थायी/राष्ट्रिय/सम्बन्धन सदस्य संगठनहरुका प्रतिनिधिहरुले भाग लिने गरी प्रत्येक ३ (तीन) बर्षमा एक पटक देहाय बमोजिमका क्षेत्रलाई समेटी परिषदको क्षेत्रीय सम्मेलन सम्पन्न हुनेछ । जस्मा:***

(क) उत्तर-दक्षिण अमेरिका-१

(ख) युरोप-१

(ग) पुर्वी एशिया तथा अस्ट्रेलिया -१

(घ) खाडी तथा मध्यपूर्वी क्षेत्र - १

(ङ) दक्षीण एशिया - १

(२) ***परिषदको क्षेत्रिय सम्मेलनमा क्षेत्रिय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, परिषदका सदस्यहरू, सल्लाहकार सदस्यहरु, पुर्व क्षेत्रिय अध्यक्षहरु, राष्ट्रिय/स्थायी सदस्य संगठनहरुबाट प्रत्येक देशको प्रतिनिधित्व गर्दै अध्यक्ष सहित न्यूनतम ५ (पाँच) जना ( महिला-१, सम्बन्धन भए-१ सहित) का दरले प्रतिनिधिहरु, सम्बन्धन सदस्य संगठनहरुबाट प्रत्येक देशको प्रतिनिधित्व गर्दै अध्यक्ष सहित न्यूनतम ३ (तीन) जना (महिला-१ सहित) का दरले प्रतिनिधिहरु र सदस्य संगठनको सांगठनिक अवस्था समेतलाई सम्मान हुनेगरी क्षेत्रिय समन्वय समितिले तोके बमोजिमका संख्यामा पर्यवेक्षकहरुले भाग लिनेछन् ।***

***तर निर्वाचन प्रक्रियामा एक सदस्य संगठन एक मतको आधिकार प्रयोग गर्न पाउनेछन् । यस्तो मतदान प्रकृयामा सामन्यतया अध्यक्षले प्रतिनिधित्व गरेको अवस्थामा स्वयं अध्यक्षले र अध्यक्षले प्रतिनिधित्व नगरेको अवस्थामा सम्बन्धित राष्ट्रिय/सम्बन्धन सदस्य संगठनले तोकेको एक जना प्रतिनिधिले मात्र मतदान प्रकृयामा भाग लिन र संगठनले अनुमति दिएको प्रतिनिधिले मात्र निर्वाचनमा उम्मेदवारी दिन पाउने छन् ।***

***(ख) क्षेत्रिय समन्वय समिति***

(*१*) क्षेत्रिय समन्वय समितिमा देहाय बमोजिमका पदाधिकारी र सदस्यहरु हुनेछन ।

क) अध्यक्ष-१ (परिषदको ***क्षेत्रिय सम्मेलन आयोजक सदस्य संगठनको अध्यक्ष) पदेन अध्यक्ष ।***

(ख) सचिव-१ (***क्षेत्रिय सम्मेलनमा राष्ट्रिय/स्थायी सदस्यको प्रतिनिधि/आयोजक भई राष्ट्रिय सदस्य संगठनले समितिको सचिव पदमा उम्मेदवार हुन सिफारिस प्राप्त गर्ने प्रतिनिधिहरु मध्येबाट निर्वाचित) ।***

(ग) सदस्य (सम्मेलनमा भागलिने परिषदका राष्ट्रिय सदस्य ***संगठन***हरुका अध्यक्षहरु) (**पदेन सदस्य)** ।

(घ) सदस्य (सम्मेलनमा भागलिने परिषदका सम्बन्धन सदस्य ***संगठन***हरुका अध्यक्षहरु) (**पदेन सदस्य)** ।

(ङ) सदस्य महिला-१ (सम्मेलनमा भागलिने राष्ट्रिय/सम्बन्धन सदस्य संस्थाको प्रतिनिधिहरु मध्येबाट निर्वाचित) ।

***(ग) क्षेत्रिय सचिवालय***

***(१) क्षेत्रिय समन्वय समितिको काम कारबाहिलाई व्यवस्थित गर्न देहाय बमोजिमको क्षेत्रिय समन्वय सचिवालय गठन गर्न सक्नेछ । जस्मा ।***

***(क) क्षेत्रिय समन्वय समितिका अध्यक्ष- पदेन अध्यक्ष ।***

***(ख) क्षेत्रिय समन्वय समितिका सचिव - पदेन सदस्य सचिव ।***

***(ग) क्षेत्रिय समन्वय समितिमा राष्ट्रिय/स्थायी संगठनहरुको तर्फबाट प्रतिनिधित्व गर्ने अध्यक्षहरु मध्येबाट-२ जना।***

***(ङ) क्षेत्रिय समन्वय समितिमा सम्बन्धन संगठनहरुको तर्फबाट प्रतिनिधित्व गर्ने अध्यक्षहरु मध्येबाट-१ जना।***

**२३. क्षेत्रीय समन्वय समितिको बैठक :**

(१) क्षेत्रीय समन्वय समितिको बैठक सामान्यतया वार्षिकरुपमा कम्तिमा २ पटकसम्म बस्नेछ । तर, विशेष अवस्थामा भने आवश्यकता अनुसार सो भन्दा बढि पटक पनि बस्न सकिनेछ ।

(२) क्षेत्रीय समन्वय समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ । तर समितिको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले समितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छैन । तर पहिलो पटक गणपूरक संख्या नपुगी दोश्रो पटक बैठक बस्नु परेमा एक तिहाई सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

तर, विशेष परिस्थितिका कारण समितिको कुनै पदाधिकारी वा सस्य बैठकमा भौतिकरुपमा उपस्थिति हुन नसकेको अवस्थामा भिडियो कन्फ्रेन्स, स्काईप, भाईबर, भिडियो कल आदि जस्ता सञ्चार माध्यमहरुबाट पनि बैठकमा उपस्थित हुन सक्नेछ । त्यसरी उपस्थित भई बैठमा सहभागिता भएको अवस्थामा पनि निज उक्त बैठकमा भौतिकरुपमा उपस्थित भए सरह मानिनेछ । तर, बैठकमा उपस्थित कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको भौतिकरुपमा उपस्थित नभएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छैन । सञ्चार माध्यमबाट बैठकमा उपस्थित जनाएको हकमा बैठकको निर्णय पुस्तिकामा सोही व्यहोरा उल्लेख गरी अभिलेख राख्नु पर्नेछ ।

(४) समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सदस्य (राष्ट्रिय/स्थाई सदस्य संस्थाका अध्यक्षहरु) मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुने छ । तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्ने छ ।

(६) समितिको बैठकमा छलफल भएका बिषयहरुको छुट्टै निर्णय किताबमा अभिलेख राखिने छ र निर्णय पुस्तिकामा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले हस्ताक्षर गर्नुपर्नेछ । तर, निर्णयमा असहमती जनाउँनेहरुले कैफियत खोली हस्ताक्षर गर्न सक्नेछ ।

**२४. क्षेत्रीय समन्वय समितिको काम कर्तव्य र अधिकार :**

(१) परिषदको उद्देश्य अनुरुप क्षेत्रिय स्तरमा कृयाशिल सदस्य संगठनहरुकाबीच समन्वय गरी पारस्परिक सहयोग आदन प्रदान गर्न प्रोत्साहित गर्ने ।

(२) परिषदको बिधान बमोजिमको व्यवस्था पालना गरी अन्तराष्ट्रिय तामाङ सम्मेलन, अन्तराष्ट्रिय तामाङ परिषदको बैठक र कार्यसमितिको निर्णय र निर्देशनहरु, ***विषयगत समिति, क्षेत्रिय सम्मेलनको निर्णय तथा निर्देशन*** लाई क्षेत्रिय स्तरमा कार्यान्वियन गर्ने गराउने ।

(३) परिषदको हितमा हुने कार्यक्रमहरु क्षेत्रिय स्तरमा सदस्य संगठनहरुलाई समन्वय गरी संचालन गर्ने ।

(४) अन्तराष्ट्रिय तामाङ सम्मेलन, अन्तराष्ट्रिय तामाङ परिषदको बैठक र कार्यसमिति र ***विषयगत समिति, क्षेत्रिय सम्मेलनले तोकिएको जिम्मेवारी पुरा गर्ने*** ।

(५) क्षेत्रिय स्तरमा परिषदको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन स्रोतको अधिकतम उपयोग र प्रयोग गर्ने ।

(६) क्षेत्रिय स्तरमा परिषदको कार्य सम्पादन गर्न कार्य योजना बनाउँने, श्रोत जुटाउने, कार्यन्वयन, सुपरिबेक्षण र अनुगमन गर्ने

(७) परिषदको कोष र सम्पत्ती सुरक्षित तरीकाले राख्ने र बैक खाता खोली संचालन गर्ने ।

(८) क्षेत्रिय स्तरमा परिषदलाई आवश्यक कर्मचारी, कन्सल्टेन्ट तथा सल्लाहकारहरु नियुक्त गर्ने ।

(९) क्षेत्रिय स्तरमा परिषदको उद्देश्य परिपूर्ति गर्न आवश्यकता अनुसार समिति उप-समिति र सल्लाहकार समितिहरु गठन गर्ने र आवश्यकता अनुसारको कार्य बाँड फाँड गरी दिने ।

(१०) क्षेत्रिय स्तरमा सम्पादन भएको वार्षिक कार्यहरुको प्रतिवेदन र आय, व्यय परिषदको कार्यसमिति मार्फत अन्तराष्ट्रिय तामाङ परिषदको बैठक मा पेश गर्ने ।

(११) क्षेत्रिय स्तरमा परिषदको प्रतिनिधित्व गरी नेतृत्वदायी भूमिका निर्बाह गर्ने ।

(१२) क्षेत्रिय स्तरमा अन्तर्राष्ट्रिय तामाङ परिषदको भेला तथा बैठक बोलाउने ।

(१३) अन्तर्राष्ट्रिय तामाङ परिषद, कार्यसमिति, सचिवालय र ***विषयगत समिति, क्षेत्रिय सम्मेलन*** प्रति उत्तरदायी हुने ।

**२५. अन्य समितिहरू :**

(१) यस बिधानको परिधि भित्र रहि परिषदको कार्य संचालनको लागि कार्यसमितिले आवश्यकता अनुसार अन्य समिति, उप समिति र कार्यसमुहहरू गठन गर्न सक्ने छ ।

**२६. राजीनामा वा पदत्याग गर्न सक्ने :**

(१) यस परिषदको कुनै पनि सदस्य संगठनले स्वविवेकबाट परिषदको सदस्यता त्याग्न कुनै बन्देज लगाइने छैन । यसरी सदस्यता त्याग्ने सदस्य संगठनले सदस्यता त्याग्नु अघि निजको परिषद प्रति कुनै दायित्व रहेमा सोको छिनो फानो गर्नुपर्नेछ ।

तर, यसरी सदस्यता त्याग्ने सदस्य संगठनले पहिले परिषदलाई प्रदान गरेको सदस्यता शुल्क चन्दा वा अन्य सहयोग गरेको चल, अचल सम्पत्तिको हकमा परिषदले कुनैपनि व्यहोराले फिर्ता गर्न बाध्य हुनेछैन,

(२) अध्यक्षले परिषद समक्ष र पदाधिकारीहरुले अध्यक्ष समक्ष, ***समितिका संयोजकले कार्यसमिति समक्ष र समितिका अन्य सदस्यहरुले संयोजक समक्ष*** आफुले राजीनामा गर्नुको कारण खुलाई राजिनामा दिई कार्यसमिति/विषयगत समिति/समन्वय समितिको पद त्याग गर्न सक्नेछन् । यसरी परेको राजीनामा ***सम्बन्धित समितिको र अध्यक्षको हकमा*** परिषदकको बहुमतबाट स्वीकृत हुनुपर्नेछ ।

**२७. पद रिक्तता :**

देहायका अवस्थामा परिषदको कार्यसमिति, समन्वय समिति आदिको कुनै पनि पदाधिकारी एवं सदस्यको पद रिक्त हुनेछ ।

(***१***) लिखित सूचना विना लगातार ३ पटकसम्म परिषदको सम्बन्धित समितिको नियमित बैठकमा अनुपस्थित भएमा ।

(***२***) परिषदको सम्बन्धित समितिले तोकेको जिम्मेवारी लगातार ३ पटकसम्म पूरा नगरी परिषदप्रति वेवास्ता गरी आफ्नो जिम्मेवारी वहन नगरेमा ।

(***३***) निजले पेशगरेको राजिनामा यस विधान बमोजिम स्वीकृत भएमा ।

(***४***) परिषदको नियमा उलंघन गरी कारवाहीमा परेमा ।

(***५***) परिषदको सम्मेलनमा निर्वाचित हुँदाका बखत जुन सदस्य संगठनको प्रतिनिधित्व गरी निर्वाचित भएको हो उक्त सदस्य संस्था/संगठनको सदस्यता नरहेको वा खारेजीमा परेका अवस्थामा निजले

प्रतिनिधित्व गर्ने संस्थाले निजलाई हटाउने भनि राखेको प्रस्ताव परिषदको कार्यसमितिले स्वीकृती गरी परिषदले अनुमोदन गरेमा ।

(६) परिषद्को सम्मेलनमा निर्वाचित हुँदाका बखत जुन देशको सदस्य संगठनको प्रतिनिधित्व गरी निर्वाचित भएको हो उक्त देशमा निजको स्थाई वा अस्थाई बसोबस नरहेको अवस्थामा ।

(७) निजको मृत्यू भएमा

*(८)* उपरोक्त खण्ड (१), (२), (४), (५) र (६) बमोजिमको अवस्थामा उचित सफाई पेश गर्ने मौकाबाट परिषदको कुनै पनि समितिका सदस्य एवं पदाधिकारीहरुलाई बञ्चित गराईने छैन ।

**२८. पद पुर्ति :**

(१) कुनै कारणबस सम्मेलन हुनु अगावै कार्यसमितिको कुनै पनि पदाधिकारी तथा सदस्यहरुको कुनै पद रिक्त हुन आएमा त्यसरी रिक्त भएको पदाधिकारी तथा सदस्यले सम्मेलनमा जुन सदस्य संस्थाको प्रतिनिधित्व गरी निर्वाचित भएको थियो सोही सदस्य संस्थाको सिफारिसमा कार्यसमितिले मनोनयन गरी बाँकी कार्यकालको लागि पदपूर्ति गरिने छ ।

तर, ***परिषदको*** अध्यक्षको हकमा पद खाली हुन आएमा सम्बन्धित् सदस्य संगठन ***को उपाध्यक्ष वा त्यस्तो संगठनले*** तोकेको अर्को व्यक्ति ***अर्को सम्मेलन नहुन्जेल सम्मको लागि कार्यवाहक*** अध्यक्ष हुनेछन् ।

(२) कुनै कारणबस क्षेत्रिय समन्वय समितिको पदावधि समाप्त नहुँदै कुनै पनि पदाधिकारी तथा सदस्यहरुको कुनै पद रिक्त हुन आएमा त्यसरी रिक्त भएको पदाधिकारी तथा सदस्यले जुन सदस्य ***संगठन***को प्रतिनिधित्व गरी निर्वाचित भएको थियो सोही सदस्य ***संगठन***को सिफारिसमा कार्यसमितिले मनोनयन गरी बाँकी कार्यकालको लागि पदपूर्ति गरिने छ ।

***तर, क्षेत्रिय समन्वय समितिको अध्यक्षको हकमा पद खाली हुन आएमा सम्बन्धित् सदस्य संगठन को उपाध्यक्ष वा त्यस्तो संगठनले तोकेको अर्को व्यक्ति अर्को सम्मेलन नहुन्जेल सम्मको लागि कार्यवाहक अध्यक्ष हुनेछन् ।***

***(३) कुनै कारणबस बिषयगत समितिकोको पदावधि समाप्त नहुँदै कुनै पनि पदाधिकारी तथा सदस्यहरुको कुनै पद रिक्त हुन आएमा त्यसरी रिक्त भएको पदाधिकारी तथा सदस्यले जुन सदस्य संगठनको प्रतिनिधित्व गरी निर्वाचित भएको थियो सोही सदस्य संगठनको सिफारिसमा सम्बन्धित समितिले मनोनयन गरी बाँकी कार्यकालको लागि पदपूर्ति गरिने छ ।***

## परिच्छेद ५

## पदाधिकारीहरूको काम कर्तव्य र अधिकार

**२९. *परिषदको* पदाधिकारी *तथा सदस्य* हरूको काम कर्तव्य र अधिकार :**

परिषदका पदाधिकारीहरूको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(१) अध्यक्षको काम कर्तव्य र अधिकार :**

(क) अन्तर्राष्ट्रिय परिषद, कार्यसमितिको समेत नेतृत्व गर्ने ।

(ख) सम्मेलन, परिषद, कार्यसमिति, सचिवालयको बैठकको अध्यक्षता गर्ने ।

(ग) आवस्यकता अनुसार बैठक बोलाउन महासचिवलाई ***परामर्श*** दिने ।

(घ) मत बराबर भएमा निर्णायक मत दिने ।

(ङ) परिषदको तर्फबाट प्रतिनिधित्व गर्ने वा ***महासचिव सँगको परामर्शमा*** प्रतिनिधि तोक्ने ।

(च) परिषद, ***विषयगत समिति***को कार्यक्रमहरूको सुपरिवेक्षण एवं मूल्याङ्कन गर्ने ।

~~(छ), (ज)~~ , ~~(झ)~~

(ञ) ***महासचिव सँगको परामर्शमा*** पदाधिकारीहरु एवं सदस्यहरुको कार्य विभाजन निश्चित गर्ने ।

~~(ट)~~

(ठ) परिषदको हित, प्रतिष्ठा र सामाजिक सेवालाई मध्यनजर राखी परिषदको उद्देश्यमा आँच नपुग्ने गरी विशेषाधिकारको प्रयोग गर्ने ।

***(ड) बैठकले तोकेको अन्य कार्यहरु गर्ने ।***

~~(२), (३)~~

**(४) महासचिवको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्ष***संगको परामर्शमा*** परिषद, कार्यसमिति र सचिवालयको बैठक बोलाउने ।

(ख) परिषद, कार्यसमिति र सचिवालयको नीति, निर्णय, निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(घ) सम्मेलन र परिषदको बैठकमा कार्यसमितिको तर्फबाट प्रतिवेदन एवं कार्यक्रम प्रस्तुत गर्ने ।

(ङ) ***बिषयगत समिति,*** क्षेत्रिय समन्वय समिति, अन्य समितिहरु, राष्ट्रिय तथा सम्बन्धन सदस्यहरु एवं कार्यक्रमहरूको प्रतिवेदन उपर कारवाही गर्ने ।

(च) परिषदको सचिवालयको ***प्रमुख कार्यकारी भई नेतृत्व गर्ने, दैनिक कार्य संचालन गर्ने,*** रेखदेख ***गर्ने र सचिवालय*** व्यवस्थित तुल्याई संचालन गर्ने र आवश्यक कर्मचारीको नियुक्ति गर्ने ।

***(छ)*** परिषद, कार्यसमिति, सचिवालय, अध्यक्ष✂ले तोके बमोजिमको अन्य कार्यहरु गर्ने ।

***(ज) अध्यक्षसँग परामर्श गरी परिषदको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।***

***(झ) सम्मेलन, परिषद, समितिको बैठक र विषयगत समितिको भेला, बैठक आदिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।***

***(ञ) परिषद, विषयगत समितिको कार्यक्रमहरूको सुपरिवेक्षण एवं मूल्याङ्कन गर्ने ।***

***(ट) अध्यक्षसँगको परामर्शमा परिषद र कार्यसमितिको बैठकमा छलफलको निमित्त विषय प्रस्तुत गर्ने ।***

***(ठ) परिषदको कोषको रेखदेख, संचालन गर्ने र आम्दानी खर्चको फाँटवारी दुरुस्त राख्ने व्यवस्था गर्ने,***

***(ड) कार्यसमिति र सचिवालयको निर्णयनुसार परिषदको बार्षिक कार्ययोजना तथा बजेट बनाई कार्यसमिति र परिषदको बैठक समक्ष प्रस्तुत गर्ने,***

***(ढ) परिषदको अभिलेख प्रमाणित गर्ने ।***

***(ण) बैठकले तोकेको अन्य कार्यहरु गर्ने ।***

**(५) *उप महा*सचिवको काम, कर्तव्य र अधिकार :**

(क) महासचिवको कार्यमा सहयोग पुऱ्याउने ।

(ख) महासचिवको अनुपस्थितिमा महासचिवले तोकेको सचिवले कार्यवाहाक भई महासचिवले गर्ने सम्पूर्ण कार्यभार बहन गर्ने ।

~~(ग)~~

(घ) बैठकले तोकिए बमोजिमको अन्य कार्यहरू गर्ने ।

***(५.१) सचिवको काम, कर्तव्य र अधिकार :***

***(क) महासचिव, उपमहासचिवको कार्यमा सहयोग पुऱ्याउने ।***

***(ख) आ-आफ्नो विभागिय सचिवको जिम्मेवारी पुरा गर्ने ।***

***(ग) बैठकले तोकिए बमोजिमको अन्य कार्यहरू गर्ने ।***

**(६) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) परिषदको कोषको रेखदेख, संचालन गर्ने र आम्दानी खर्चको फाँटवारी दुरुस्त राख्ने,

(ख) अन्तर्राष्ट्रिय परिषद, कार्यसमिति र सचिवालयको सल्लाह अनुसार बार्षिक बजेट बनाई कार्यसमिति र परिषदको बैठक समक्ष प्रस्तुत गर्ने,

(ग) नियमित वार्षिक लेखापरीक्षण गराउने र प्रतिवेदन तथा कार्यक्रम तयार पारी अन्तर्राष्ट्रिय परिषदको बैठक, अन्तर्राष्ट्रिय तामाङ ✂सम्मेलन समक्ष प्रस्तुत गर्ने,

(घ) अन्तर्राष्ट्रिय परिषद, कार्यसमिति र सचिवालयले तोकिए बमोजिमको अन्य कार्यहरु गर्ने ।

~~(७)~~

**(८) कार्यसमितिको सदस्यको काम, कर्तव्य र अधिकार :**

***(क) सम्बन्धित समितिको प्रतिनिधित्व गरी कार्यसमितिको बैठकमा भाग लिने ।***

***(ख)*** समितिको बैठक र परिषदको गतिविधि, ***सम्बन्धित विषयगत समितिको बैठक र गतिविधि***मा सक्रिय रहने ।

***ग) सम्बन्धित विषयगत समितिको नेतृत्व गर्ने ।***

***(घ)*** कार्यसमिति, सचिवालय र ***विषयगत समिति***को बैठकले तोकिएको कार्यक्रममा प्रतिनिधित्व गर्ने ।

***(ङ)*** कार्यसमिति सचिवालय र ***विषयगत समिति***को बैठकले तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

**(९) अन्तर्राष्ट्रिय तामाङ परिषदको सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

(क) परिषदको बार्षिक बैठकमा आफु प्रतिनिधित्व गर्ने सदस्य संगठनको तफबाट भागलिई परिषदको नीति निमार्ण, कार्यक्रम, बजेट, रणनीति आदि निमार्णमा सकृय सहभागि हुने ।

(ख) परिषदले संचालान गरेको विविध गतिविधिहरुमा सक्रिय रहने,

(ग) परिषदको सम्मेलन, बार्षिक बैठक, कार्यसमिति र सचिवालयले गरेको निर्णय, ***विषयगत समितिहरुले गरेको निर्णय,*** नीति, कार्ययोजना, निर्देशन आफु प्रतिनिधित्व गर्ने सदस्य संस्था मार्फत आफ्नो देशमा कार्यान्वयण गर्न आवश्यक पहलकदमी भुमिका निभाउने,

(घ) परिषद र आफु प्रतिनिधित्व गर्ने सदस्य संस्थाबीच समन्वय (पुल) को भुमिका निभाउने,

(ङ) परिषदको बार्षिक बैठकमा आफु प्रतिनिधित्व गर्ने सदस्य संस्थाको तर्फबाट बार्षिक आवधिक प्रतिवेदन प्रस्तुत गर्ने,

(च) परिषदको बैठकले तोकिएको कार्यक्रममा प्रतिनिधित्व गर्ने,

(छ) परिषदको बैठकले तोकिए बमोजिमको अन्य कार्यहरू गर्ने ।

***२९ क. विषयगत समितिको संयोजक तथा सदस्यहरुको काम कर्तव्य र अधिकार :***

***विषयगत समितिको संयोजक तथा सदस्यहरुको काम कर्तव्य र अधिकार*** *देहाय बमोजिम हुनेछन् :*

*(१) संयोजकको काम कर्तव्य र अधिकार :*

*(क) विषयगत समितिको भेला तथा विषयगत समिति, उपसमितिहरुको समेत नेतृत्व गर्ने ।*

*(ख) विषयगत समितिको भेला तथा विषयगत समितिको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।*

*(ग) आवस्यकता अनुसार विषयगत समितिको बैठक बोलाउने ।*

*(घ) विषयगत समितिको भेला तथा बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।*

*(ङ) विषयगत समितिका तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।*

*(च) विषयगत समितिको कार्यक्रमहरूको सुपरिवेक्षण एवं मूल्याङ्कन गर्ने ।*

*(छ) परिषद, कार्यसमिति, सचिवालयको आफुसम्बन्धित विषयगत बिषयहरुमा भएको निर्णय तथा निर्देशनहरु र विषयगत समितिको बैठकको निर्णय कार्यान्वियन गर्ने, गराउने ।*

*(ज) विषयगत समितिको भेला तथा बैठकमा छलफलको निमित्त विषय प्रस्तुत गर्ने ।*

*(झ) सम्मेलन, परिषद, कार्यसमितिको बैठक र विषयगत समितिको भेला तथा बैठकमा समितिको तर्फबाट प्रतिवेदन एवं कार्यक्रम प्रस्तुत गर्ने ।*

*(ञ) विषयगत समितिका सदस्यहरु तथा भेलाका विशेषज्ञ/ज्ञाता/अनुभवी प्रतिनिधिहरुको कार्य विभाजन निश्चित गर्ने ।*

*(ट) विषयगत समितिको बैठकको निर्णय तथा अभिलेखहरु प्रमाणित गर्ने ।*

*(ठ) बिषयगत समितिको भेला तथा बैठकले तोकेको अन्य कार्यहरु गर्ने ।*

*(२) सदस्यको काम कर्तव्य र अधिकार :*

*(क) बिषयगत समितिको बैठक तथा गतिविधिमा सक्रिय रहने ।*

*(ख) बिषयगत समितिकोको बैठकले तोकिएको कार्यक्रममा प्रतिनिधित्व गर्ने ।*

*(ग) बिषयगत समितिको बैठकले तोकिए बमोजिमको अन्य कार्य गर्ने ।*

## परिच्छेद-६

## आर्थिक व्यवस्था :

**३०. परिषदको कोष :**

(१) यस परिषदको लक्ष्य एवं उद्देश्य पूर्ति गर्न परिषदको नाममा एउटा छुट्टै कोष (अक्षय कोष बाहेक) हुनेछ । जसमा देहाय बमोजिमका रकम रहनेछन् :

(क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क, सदस्यता शुल्क, परिषदको बैठकले सदस्यको बार्षिक एव अन्य दायित्वको रुपमा तोकेको दायित्व आदिबाट प्राप्त रकम ।

(ख) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

(ग) परिषदको चलअचल सम्पति वा अन्य बस्तुको विक्रिबाट प्राप्त रकम ।

(घ) विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय व्यक्ति तथा सरकारी, गैह्रसरकारी संघ संस्थाबाट प्राप्त अनुदान वा सहयोग रकम ।

(ङ) परिषदद्वारा संचालित विविध रचनात्मक कार्यक्रमहरूबाट प्राप्त हुन आएको रकम ।

(२) विदेशी सरकार, संघपरिषदहरूबाट प्राप्त अनुदान रकमको हकमा प्रचलित ऐन बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट पूर्व स्वीकृति लिएपछि मात्र संचालन गरिनेछ ।

(३) परिषदमा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिनेछ ।

**३१. खाता संचालन :**

(१) परिषदको बैंक खाताको संचालन कार्यसमितिको महासचिव***, कोषाध्यक्ष र लेखा प्रमुख***को संयुक्त हस्ताक्षरबाट हुनेछ । तर विशेष परिस्थितिमा ३ जना मध्ये २ जनाको हस्ताक्षरबाट पनि कोष संचालन गर्न सकिनेछ ।

**३२. कोषको रकम खर्च गर्ने तरीका :**

परिषदको कोषमा जम्मा रकम खर्च गर्दा देहाय बमोजिमको तरीका अपनाई खर्च गरिने छ :

(१) परिषदको बार्षिक बजेट योजना तथा कार्यक्रम अन्तर्राष्ट्रिय तामाङ सम्मेलन/सभाबाट स्वीकृति नगरी कोषबाट खर्च गरिने छैन ।

(२) अन्तर्राष्ट्रिय तामाङ सम्मेलन/ सभाबाट पारित कार्यक्रमको अधीनमा रही कोषबाट खर्च गरिने छ ।

(३) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिबेदन अन्तर्राष्ट्रिय तामाङ सम्मेलन/सभामा अनिबार्य रुपमा पेश गर्नुपर्नेछ ।

(४) परिषदको हित एवं उद्देश्य परिपूर्तिको निमित्त परिषदको ***महासचिव*** ले बढीमा ***ने.रु.५०,०००।-*** ( पचास हजार) सम्म आकस्मिक खर्च गर्न सक्नेछ । यसरी खर्च गरेको रकमको पूर्ण फाँटवारी सहित लगत्तैको पहिलो सचिवालयको बैठकबाट अनुमोदन गर्नुपर्नेछ । यसरी आकस्मिक खर्च गर्दा तत्काल विशेष परिस्थितिका कारण सचिवालयको बैठक बस्न नसकेको अवस्थामा मात्र यस उपदफा आकर्षित हुनेछ ।

**३३. परिषदको लेखा र लेखा परीक्षण :-**

(१) परिषदको बार्षिक आय व्ययको लेखा परिषदले निमार्ण गरेको आर्थिक प्रशासन नियमावलीको आधारमा स्पष्ट तवरले राखिने छ ।

(२) परिषदको लेखा परिक्षण अन्तराष्ट्रिय मान्यता अनुरुप सचिवालय रहेको देशको प्रचलित कानून बमोजिम रजिस्टर्ड लेखा परिक्षकबाट हुनेछ ।

(३) लेखा परीक्षकको नियुक्ति अन्तर्राष्ट्रिय तामाङ परिषदको बार्षिक बैठकबाट हुनेछ ।

## परिच्छेद- ७

## निर्बाचन, अविश्वासको प्रस्ताव, बिधान संसोधन र विविध व्यवस्था

**३४. निर्वाचन सम्बन्धी व्यवस्था :**

(१) परिषदको कार्यसमितिको महासचिव-१, ***उप-महा***सचिव-१, सचिव-३, कोषाध्यक्ष-१ पदको पदपूर्ति अन्तर्राष्ट्रिय

तामाङ सम्मेलनद्वारा निर्वाचन प्रकृयाबाट गरिने छ । अध्यक्षको हकमा सम्मेलनको आतिथ्य (आयोजक) गर्ने देशको राष्ट्रिय/स्थायी सदस्य संगठनको ***अध्यक्ष पदेन अध्यक्ष हुनेछ भने । सदस्यहरुको हकमा***

***<u>सम्बन्धित विषयगत समितिको भेलाबाट निर्वाचित समितिको संयोजक कार्यसमितिको पदेन सदस्य हुनेछन् ।</u>***

(२) निर्वाचन प्रयोजनको लागि ***<u>परिषद/विषयगत/समन्वय</u>*** कार्यसमितिले एक निर्बाचन ***<u>मण्डल</u>*** गठन गर्नेछ । यसरी गठित निर्वाचन ***<u>मण्डल</u>***ले निर्वाचन सम्पन्न गर्नेछ ।

(३) निर्बाचन ***<u>मण्डल</u>***ले निर्बाचन ***<u>सम्बन्धी आफ्नो</u>*** कार्यबिधि आफै व्यवस्थित गर्नेछ ।

४) निर्बाचन सम्बन्धी बिवाद उत्पन्न भएमा निर्बाचन ***<u>मण्डल</u>***ले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(५) निर्वाचन ***<u>कार्य</u>*** सम्पन्न भएपछि निर्बाचन ***<u>मण्डल</u>***को स्वःत बिघटन हुनेछ ।

**३५. अविश्वासको प्रस्ताव :**

(१) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाइ देहाय बमोजिमको रित पुऱ्याइ परिषदको सचिवालयमा दर्ता गर्नुपर्ने छ ।

(क) अविश्वासको प्रस्ताव नेपाली, तामाङ वा अंग्रेजी भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनु पर्दछ ।

(ख) अविश्वासको प्रस्तावको विषय स्पष्ट र अविश्वासको प्रस्ताव ल्याउनु पर्ने पर्याप्त आधार र कारण सहितको हुनु पर्दछ ।

~~*(ग)*~~

(घ) अन्तर्राष्ट्रिय परिषदको कूल राष्ट्रिय/स्थायी सदस्यहरू मध्ये कम्तिमा १/४ (एक चौथाई) सदस्य संगठनहरूको प्रष्ट नाम, ठेगाना र प्रतिनिधित्व गर्ने व्यक्तिको नाम र थर सहित खुलाई प्रस्तावमा प्रतिनिधित्व गर्ने व्यक्तिको हस्ताक्षर भएको हुनु पर्दछ ।

(२) उपदाफा (१) बमोजिम परिषदमा दर्ता भएको अबिश्वासको प्रस्तावको स्पष्ट बिषय खुलाई बिशेष अन्तर्राष्ट्रिय तामाङ सम्मेलन बस्ने स्थान, मिति, समय समेत तोकि परिषदको सम्पूर्ण पदाधिकारी एवं सदस्यहरू, राष्ट्रिय/स्थायी सदस्यहरू लाई बिधानको दफा ११(४) बमोजिम अन्तर्राष्ट्रिय तामाङ परिषदको बिशेष अन्तर्राष्ट्रिय तामाङ सम्मेलन बस्ने सूचना दिने छ ।

**(३) अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया :**

(क) बैठक अध्यक्षता गर्ने व्यक्तिले बैठकमा उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिने छ र प्रस्ताव पेश गर्ने सदस्यहरूमध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारणसहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

(ख) उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका राष्ट्रिय/स्थायी सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्तावउपर मत प्रकट गर्न चाहाने अन्य सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

(ग) उपदफा १ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरू विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरूलाई आफ्नो सफाइ पेश गर्ने मौकाको लागि आफ्नो भनाइहरू राख्न अनुमित दिनेछ ।

**(४) अबिश्वासको प्रस्ताव माथि निर्णय :**

(क) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाइ प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले

सो अविश्वासको प्रस्ताव बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाइ अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

१) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा,

२) बिशेष सम्मेलनको सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

(ख) अन्तर्राष्ट्रिय तामाङ सम्मेलनमा मताधिकार प्राप्त मताधिकारीहरूले दिएको मत मध्ये दुई तिहाई मताधिकारीहरूको मत प्रस्तावको पक्षमा परेमा प्रस्ताव पारित भएको मानिनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्ताबित पक्षका व्यक्तिहरू पद मुक्त हुनेछन् ।

(५) निर्वाचित भएको ६ महिना नपुगि वा प्रस्ताव विफल भएको ६ महिना नपुगि कुनै पदाधिकारी उपर अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

**३६. बिधान संशोधन :**

सम्मेलनमा उपस्थित राष्ट्रिय सदस्य संगठनको कूल मतदान गर्ने अधिकार प्राप्त प्रतिनिधि संख्याको २/३ (दुई तिहाइ) सदस्यहरूले पारित गरेपश्चात् मात्र यस विधानको कुनै दफा संशोधन हुनेछ ।

**३७. नियम बनाउन सक्ने :**

(१) यस विधानमा उल्लेखित उद्देश्य प्राप्ति र परिषदले आफ्नो कार्यसम्पादन गर्नको निमित्त कार्यसमितिले परिषदको विधानको अधिनमा रही आवस्यक नियम, उपनियम र नियमावलीहरू बनाई परिषदको बैठकको स्वीकृति लिई लागू गर्न सकिनेछ ।

(२) यो बिधान र बिधान अन्तर्गत बनेको नियमको अधिनमा रही परिषदको कार्य संचालन र उद्देश्य कार्यन्वयनका लागि सचिवालयले कर्मचारी ब्यवस्था र आर्थिक प्रशासन सम्बन्धी बिनियम बनाई लागू गर्न सक्ने छ । त्यस्तो बिनियमहरू अन्तर्राष्ट्रिय परिषदको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

**३८. कर्मचारीको व्यवस्था :**

(१) परिषदको दैनिक कार्यसन्चालन र योजना तथा कार्यक्रम सन्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरूसम्बन्धी अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(२) परिषदले विदेशी सहयोग प्राप्त गरी संस्थाको सन्चालन गर्ने कार्यन्वयन विदेशी सल्लाहाकार वा स्वयंमसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी र सम्बन्धित निकायहरूलाई समेत जानकारी गराइने छ ।

**३९.परिषदको खारेजी :**

(१) सम्मेलनले आवश्यक देखेमा बिशेष प्रस्ताव परित गरी परिषद खारेज गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद खारेजिको प्रस्ताव पारित गर्दा सम्मेलनले खारेजी प्रयोजनको लागि एक वा एकभन्दा वढी लिक्विडेटरहरू र परिषदको हिसाव किताव परीक्षण गर्नका लागि एक वा एक भन्दा वढी लेखापरीक्षकहरू नियुक्ति गर्न सक्नेछन् ।

(३) उपदफा २ बमोजिम नियुक्त लिक्विडेटर र लेखापरीक्षकहरूको पारिश्रमिक अन्तर्राष्ट्रिय तामाङ सम्मेलनले तोकिदिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखा परीक्षहरूले परिषद खारेजी सम्बन्धी काम गर्नेछन् ।

(५) उपदफा १ बमोजिम परिषद बिघटन भई खारेज भएमा परिषदको दायित्वको फरफारक गरी बाँकि रहने सम्पूर्ण चल अचल सम्पत्ती सम्मेलनले तोके बमोजिम हुने छ ।

**४०. व्याख्या गर्ने अधिकार :**

परिषदको यस विधान र यस अन्तर्गत बनेको नियम, उपनियम र नियमावलीहरूको व्याख्या गर्ने अधिकार परिषदको कार्यसमितिमा निहित हुनेछ ।

**४१. गोप्यता भंग गर्न नहुने :**

(१) परिषदको कुनैपनि पदाधिकारी वा सदस्यले परिषदको अहित हुने कार्य गर्नु तथा गोप्यता भंग गर्न हुँदैन ।

तर, यस कुराले कुनै परिषदको अहितमा र प्रचलित ऐन कानूनको बिरुद्ध भएको कुनै सत्यकुरा ब्यक्त गर्न बाधा पुग्ने छैन

(२) परिषदका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु, परिषदका सदस्यहरु वा परिषदको बार्षिक बैठक वा सम्मेलनका प्रतिनिधिहरूले परिषदको बैठक/सम्मेलन चलिरहेको बेला बैठक/सम्मेलन कक्षमा असभ्य, अश्लिल शव्द प्रयोग गर्न र अन्य हुलहुज्जत एवं अराजक व्यवहार प्रदर्शन गर्न पाइने छैन । गरेमा परिषदको बैठक/सम्मेलनको निर्णयले त्यस्ता सदस्य/प्रतिनिधीलाई बैठक/सम्मेलनको प्रतिनिधि र परिषदको सदस्यताबाट समेत हटाउन सकिनेछ ।

**४२. बचाँउ :**

(१) यस विधानमा उल्लेखित कुराहरूको हदमा यसै विधान बमोजिम र अन्य कुराको हदमा प्रचलित अन्तराष्ट्रिय कानून, परम्परा र मान्य अभ्यासको आधारमा हुनेछ ।

~~(२)~~

**- समाप्त -**

<u>अनुसूचि - १</u>

**संस्थाको छाप र चिन्ह :**

यस संस्थाको आफ्नो अलगै "छाप" हुनेछ । ................................ लेखिएको हुनेछ । (प्रथम अन्तर्राष्ट्रिय तामाङ सम्मेलनद्धारा पारित लोगो राख्ने )

**<u>नमूनाः</u>**

## अनुसूचि - २

### सपथ *ग्रहणको ढाँचा*

परिषदको नवनर्वाचित अध्यक्ष एवं पदाधिकारीहरुले निर्वाचन समितिबाट र मनोनित पदाधिकारी तथा सदस्यहरुले परिषदको अध्यक्ष समक्ष सपथ लिनु पर्नेछ । सपथको व्यहोरा देहाय बमोजिम हुनेछ ।

> "ङा ....(आफ्नो नाम भन्ने)................. जाम्बुलिङ खोरलो तामाङ घेदुङला ...(पद भन्ने)...... पदरी टिसी घेदुङ थेन जम्बुलिङला तामाङजुगुला हितला लागिरी घेदुङला विधान, नीति, सिद्धान्त जुगुता कोङ्नालासी पालन लासेदा मुला । ङा जतिन् अभ्र्यावा परिस्थितिरीनोन् घेदुङला गोप्यनियता भंगआलाना गेलाला भिसी घेदुङला भ्रुण्डा ओन्छाङ टिसी ग्रान चाबा मुला ।"

- जाम्बुलिङ मोक्कोन तामाङ एकता - जिन्दावाद
- जाम्बुलिङ खोरलोला तामाङ घेदुङ - छेरेङ्गाई ।

सपथ लिनेको

नामः.................................

पदः .................................

दस्तखतः.................................

मिति.................................

---

*उपरोक्त बमोजिमको विधान पाँचौ अन्तर्राष्ट्रिय तामाङ सम्मेलन (जुन ४ र ५, २०२३ बैंक्क, थाईल्याण्ड) मा पेश भएको संशोधनको प्रस्तावलाई सम्मेलनको बन्दशत्रद्वारा सर्वसम्मत निर्णयले पारित गरी भएको तेस्रो संशोधन ठिक साचो हो भनि सहि गर्नेः-*

..........................                                                        ................................

श्री परशुराम तामाङ
अध्यक्ष, अध्यक्ष मण्डल

डा. कुन्साङ योन्जन
संयोजक, विधान मस्यौदा समिति

*मिति जुन ५, २०२३,*
*ह्वाईन, बैंक्क, थाईल्याण्ड ।*